दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३८ | अंक ८९ | बुटवल | २०८२ चैत १५ गते, आइतबार | नेपाल संवत ११४६ | Sunday March 29, 2026 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini



हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोनः- ०७१५४२५७१


### ओली–लेखक पक्राउ :

# राजनैतिक प्रतिशोधको सुरुवात

**पूर्व प्रधानमन्त्री केपी शर्मा ओली र पूर्व गृहमन्त्री रमेश लेखकको पक्राउलाई राजनैतिक प्रतिशोध भन्दै चौतर्फी आलोचना भएको छ।**

**लुम्बिनी संवाददाता**

*बुटवल*

पूर्व प्रधानमन्त्री केपी शर्मा ओली र पूर्व गृहमन्त्री रमेश लेखकलाई 'गैरकानुनी' पक्राउ गरी सरकारले राजनैतिक प्रतिशोध लिएको छ।

जेनजी आन्दोलन र विध्वंशको छानबिन गर्न गठित आयोगको प्रतिवेदनका आधारमा फौजदारी कसुरमा ओली र लेखकलाई पक्राउ गरेपछि चौतर्फी आलोचना भएको छ। नेकपा एमालेले अध्यक्ष ओली र कांग्रेस नेता लेखकको गिरफ्तारीविरुद्ध कानुनी र राजनीतिक प्रतिवाद गर्ने निर्णय छ।

शनिबार बिहान उपाध्यक्ष रामबहादुर थापा बादलको अध्यक्षतामा बसेको आकस्मिक सचिवालय बैठकले सो निर्णय गरेको हो। बैठकका निर्णय सुनाउँदै एमाले महासचिव शंकर पोखरेलले ओली र लेखकको गिरफ्तारी प्रतिशोधपूर्ण र पूर्वाग्रह भएको बताए।

उनले भने-'हाम्रो पार्टीका अध्यक्ष एवम् पूर्वप्रधानमन्त्री केपी शर्मा ओली र नेपाली कांग्रेसका नेता एवम् पूर्वगृहमन्त्री रमेश लेखकलाई शनिबार बिहान सूर्योदय अगावै गरिएको प्रतिशोधपूर्ण, पूर्वाग्रही र गैरकानुनी गिरफ्तारीको निन्दा, भर्तसना र विरोध गर्दछ।'

पूर्व राष्ट्रपति विद्यादेवी भण्डारीले पूर्व प्रधानमन्त्री ओली र पूर्व गृहमन्त्री रमेश लेखकको पक्राउ सरकारको अपरिपक्व निर्णय भएको टिप्पणी गरेकी छन्। शनिबार एक प्रेस विज्ञप्ति जारी गर्दै पूर्व राष्ट्रपति भण्डारीले यो पक्राउले दूरगामी प्रभाव पार्ने र अस्थिरताको जोखिम बढाउनसक्ने भन्दै चिन्ता व्यक्त गरेकी हुन्।





'कार्की आयोगको प्रतिवेदन स्वयंमा पूर्ण नभएको कुरा अध्ययनहरूले देखाएको सन्दर्भमा, सरकार गठन भएको पहिलो दिनमै उक्त प्रतिवेदन कार्यान्वयन गर्ने निर्णय गर्दै तत्कालीन प्रधानमन्त्री तथा नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली तथा पूर्व गृहमन्त्री श्री रमेश लेखकलाई पक्राउ गरिनु अत्यन्तै संवेदनशील र दूरगामी प्रभाव पार्ने विषय हो,' पूर्व राष्ट्रपति भण्डारीले भनेकी छन्-'यस प्रकारको अपरिपक्व निर्णय वर्तमान संविधान, प्रचलित कानुन तथा स्थापित लोकतान्त्रिक अभ्यासहरूसँग मेल नखाने देखिन्छ।' कुनै पनि जाँचबुझ आयोगको प्रतिवेदन कार्यान्वयन गर्दा विधिसम्मत प्रक्रिया, पर्याप्त अध्ययन तथा संस्थागत परामर्श आवश्यक हुने विज्ञप्तिमा उल्लेख छ। 'हतारमा गरिएको निर्णयले विधिको शासनप्रति जनविश्वास कमजोर बनाउनसक्छ र मुलुकमा पुनः द्वन्द्व तथा अस्थिरताको जोखिम बढाउन सक्छ।'- विज्ञप्तिमा भनिएको छ।

सुशासनलाई मुख्य एजेन्डा बनाएर गठन भएको वर्तमान सरकारबाट यस्तो अपरिपक्व कदम चालिनु अत्यन्त दुःखद् विषय भएको उनले बताएकी छन्। 'लोकतान्त्रिक मूल्य, मान्यता तथा संवैधानिक मर्यादाको सम्मान गर्दै उक्त निर्णयलाई पुनर्विचार गरी फिर्ता लिनु उपयुक्त हुन्छ।'- पूर्व राष्ट्रपति भण्डारीको सुझाव छ। उनले सरकारलाई संयमता अपनाउँदै विधि र प्रक्रियाअनुसार अघि बढ्न तथा मुलुकको स्थायित्व र लोकतान्त्रिक प्रणालीको संरक्षणतर्फ गम्भीर हुन आग्रह गरेकी छन्।

संविधानविद् निलाम्बर आचार्यले ओली र लेखकको गिरफ्तारीको विरोध गर्दै सामाजि सञ्जाल फेसबुकमा लेखेका छन्-'साञ्है नै नमिल्ने कुरा भइरहेको छ, प्रतिशोध र धरपकडले भलो गर्दैन्।' अमेरिकामा रहेका पत्रकार रामचन्द्र भट्ट लेख्छन्-'कानुन तोड्ने र सरकारी निजी सम्पत्ति फोर्ने सबैलाई कानुन लाग्नुपर्छ। तर प्रतिशोध साँधियो भने पाकिस्तान, माल्दिभ्स र बंगलादेशकै हविगत हुनेछ।'

» बाँकी ३ पेजमा

## एमालेद्वारा छुट्टै आयोग गठनको माग

बुटवल। नेकपा एमालेले जेनजी आन्दोलनका घटनाबारे छानबिन गर्न छुट्टै आयोग गठनको माग गरेको छ। शनिबार बसेको एमाले सचिवालयको आकस्मिक बैठकले सर्वोच्च अदालतका बहालवाला न्यायाधीशको नेतृत्वमा छुट्टै आयोग गठन गर्न माग गरेको हो।

अन्तरिम चुनावी सरकारले पूर्वन्यायाधीश गौरीबहादुर कार्की नेतृत्वमा जाँचबुझ आयोग गठन गरेको थियो। सो आयोगको प्रतिवेदनको सुझावको आधारमा एमाले अध्यक्ष केपी शर्मा ओली र पूर्वगृहमन्त्री रमेश लेखक आज पक्राउ परेका छन्।

अध्यक्ष ओली पक्राउ परेलगत्तै उपाध्यक्ष रामबहादुर थापा बादलको अध्यक्षतामा सचिवालय बैठक बसेको थियो। बैठकपछि एमालेका महासचिव शंकर पोखरेलले गौरीबहादुर कार्की नेतृत्वको आयोगले गरेको छानबिन निष्पक्ष नरहेको निष्कर्ष पार्टीले निकालेको बताए। यसआधारमा एमालेले छुट्टै आयोग गठन गर्न माग गरेको हो। 'उक्त घटनाको निष्पक्ष र न्यायीक छानबिनका लागि सर्वोच्च अदालतको बहालवाला न्यायाधीशको अध्यक्षतामा उच्चस्तरीय छानबिन आयोग गठन गर्न माग गर्दछ।'-महासचिव पोखरेलले पार्टीको निर्णयबारे जानकारी दिए।

नेकपा एमालेले अध्यक्ष ओली र कांग्रेस नेता लेखकको गिरफ्तारीलाई 'गैरकानुनी' भनेको छ। त्यसविरुद्ध कानुनी र राजनीतिक प्रतिवाद गर्ने निर्णय एमालेले गरेको छ।

यसैबिच पूर्व राष्ट्रपति विद्यादेवी भण्डारीले पूर्व प्रधानमन्त्री केपी शर्मा ओली र पूर्व गृहमन्त्री रमेश लेखकको पक्राउ सरकारको अपरिपक्व निर्णय भएको टिप्पणी गरेकी छन्।

» बाँकी ३ पेजमा

## ओली पक्राउविरुद्ध देशभर प्रदर्शन

बुटवल। नेकपा एमालेका अध्यक्ष एवं पूर्व प्रधानमन्त्री केपी ओलीको गिरफ्तारीविरुद्ध काठमाडौंसहित देशभर प्रदर्शन भएको छ। प्रदर्शनका क्रममा काठमाडौंमा अध्यक्ष केपी शर्मा ओलीलाई पक्राउ गरेको विरोधमा उत्रिएका एमाले कार्यकर्ताहरूमाथि प्रहरीले लाठी प्रहार गरेको छ। लाठी चार्जका क्रममा एमाले कार्यकर्ता युवराज ओलीलगायतका नेता कार्यकर्ताहरू घाइते भएका छन्।

माइतीघर बबरमहल क्षेत्रमा प्रदर्शन भइरहेका बेला एउटा समूह सिंहदरबारको दक्षिण गेटतर्फ प्रदर्शन गर्न पुगेको थियो। त्यसक्रममा प्रहरीले लाठी प्रहार गरेको छ। आफूसहितका प्रदर्शनकारीमाथि प्रहरीले लाठी बर्साएको रामेश्वर फुयालले बताए। सँगै रहेका काठमाडौं महानगर -१ बस्ने युवराज ओलीको टाउकोमा नै लाठी लागेको उनले जानकारी दिए। लाठी लागेपछि उनलाई नजिकै रहेको अन्नपूर्ण न्यूरो अस्पताल लगिएको रामेश्वर फुयालले जानकारी दिए।

ओलीको पक्राउको विरोधमा शनिबार काठमाडौँमा एमाले कार्यकर्ताहरूले गरेको विरोध प्रदर्शनका क्रममा प्रहरीसँग भएको झडपपछि प्रहरीले सात जना प्रदर्शनकारीलाई पक्राउ गरेको छ भने एक जना घाइते भएका छन्। प्रदर्शनकारी र प्रहरीबिच बबरमहल, बानेश्वर र माइतीघरलगायत क्षेत्रमा झडप भएको थियो। प्रदर्शनकारीहरूले सडकमा टायर बालेर अवरुद्ध पार्दै ओलीलाई निःशर्त रिहा गर्नुपर्ने माग राखेका थिए।

जिल्ला प्रहरी परिसर काठमाडौँका एसपी पवन भट्टराईले दिएको जानकारीअनुसार बबरमहल क्षेत्रबाट सात जना एमालेका प्रदर्शनकारीलाई पक्राउ गरिएको हो।

» बाँकी ३ पेजमा

## देश पुनः द्वन्द्व र अस्थिरतातर्फ जानसक्ने : कांग्रेस

बुटवल। नेपाली कांग्रेसले सरकार संयमित नभए देश पुनः द्वन्द्व र अस्थिरतातर्फ जानसक्ने चिन्ता व्यक्त गरेका छन्। पूर्व प्रधानमन्त्री केपी शर्मा ओली र पूर्व गृहमन्त्री रमेश लेखक पक्राउपछि शनिबार कांग्रेस प्रवक्ता देवराज चालिसेले पाँच बुँदे धारणा सार्वजनिक गर्दै सरकार उत्तेजनामा आउन नहुने बताएका छन्।

'भदौ २३ र २४ का घटनाका सम्बन्धमा सम्बन्धित व्यक्ति तथा संस्थाहरूको निष्पक्ष, पारदर्शी र विधिसम्मत ढंगले अनुसन्धान, अभियोजनलगायत सम्पूर्ण कानुनी प्रक्रिया अगाडि बढाइनुपर्छ भन्नेमा नेपाली कांग्रेस स्पष्ट छ,' वक्तव्यमा भनिएको-'हामी प्रष्ट गर्न चाहान्छौँ, भदौ २३ गतेको घटनामा संलग्नसँगै २४ गतेको आगजनी र विध्वंशमा संलग्न को थिए भन्ने पनि जनताले थाहा पाउनुपर्छ।'

दुवै दिनको घटनामा संलग्न जो सुकै भए पनि कारबाही हुनुपर्ने र त्यसमा पार्टीको सहयोग रहने कांग्रेसको धारणा छ। 'तर त्यो कारबाही उत्तेजना र आवेगमा आएर होइन, कानुनी प्रक्रिया बमोजिम हुनुपर्छ।'- वक्तव्यमा भनिएको छ।

'यसमा सरकार स्वयं संयमित र परिपक्व नहुँदा हतारमा गरिएको निर्णयले कानुनको शासन कमजोर हुनसक्छ, देश पुनः द्वन्द्व र अस्थिरतातर्फ जान सक्छ,' प्रवक्ता चालिसेद्वारा सार्वजनिक धारणामा भनिएको छ-'अतः यसतर्फ गम्भीर बन्न सरकारलाई नेपाली कांग्रेस आग्रह गर्दछ।'

» बाँकी ३ पेजमा

## संवैधानिक, कानुनी र राजनीतिक रूपमा प्रतिवाद गर्छौं : देउवा पक्ष

बुटवल। नेपाली कांग्रेसको देउवा समूहले पूर्वप्रधानमन्त्री केपी शर्मा ओली र पूर्वगृहमन्त्री रमेश लेखक पक्राउ प्रकरणको संवैधानिक, कानुनी र राजनीतिक रूपमा प्रतिवाद गर्ने निर्णय गरेको छ।

देउवा पक्षीय शीर्ष नेताहरूको बैठकले नेकपा एमालेका अध्यक्ष ओली र पार्टीका नेता लेखकमाथि सरकारले गरेको राजनीतिक प्रतिशोधको संवैधानिक, कानुनी र राजनीतिक रूपमा प्रतिवाद गर्ने निर्णय गरेको हो।

ठमेलको रमादा होटलमा शनिबार बसेको बैठकपछि कार्यबाहक सभापतिको हैसियतमै विज्ञप्ति जारी गरेर पूर्णबहादुर खड्काले आगामी दिनमा आइपर्ने जुनसुकै परिस्थितिको राजनीतिकरुपमा सामना गर्न पार्टीका नेता-कार्यकर्तालाई तयार रहन अपिलसमेत गरेका छन्।

'सरकार गठन भएलगत्तै दुराशयपूर्ण तवरबाट भएको यस राजनीतिक प्रतिशोधले सरकार संविधान र लोकतन्त्रको प्रतिबद्धताबाट पछाडि हट्न पुगेको देखिन्छ,' कांग्रेसकै लेटर प्याडमा जारी विज्ञप्तिमा भनिएको छ-'यस कार्यको संवैधानिक, कानुनी र राजनीतिक रूपमा प्रतिवाद गर्ने नेपाली कांग्रेसको यो बैठक निर्णय गर्दछ।

साथै आइपर्ने जुनसुकै परिस्थितिको राजनीतिक रुपमा सामना गर्न देश भरिका पार्टीका साथीहरूलाई तयार रहन हार्दिक अपिल गर्दछ।'

» बाँकी ३ पेजमा

## द्वन्द्व सिर्जना हुने काम नहोस् : नेकपा

बुटवल। नेपाली कम्युनिष्ट पार्टीले गौरीबहादुर कार्की नेतृत्वको जाँचबुझ आयोगको प्रतिवेदन कार्यान्वयनका सन्दर्भमा चालेको कदमबाट द्वन्द्व सिर्जना हुने कार्य हुन नहुने बताएको छ।

केन्द्रीय कार्यालयका तर्फबाट विज्ञप्ति निकालेर नेकपाले यस्तो बताएको हो।

'यस सन्दर्भमा हाम्रो पार्टी कुनै पनि कदम चाल्दा सरकारले विधिको शासन, कानुनी प्रक्रिया र निष्पक्षताको मान्यता उलंघन नगरोस् र राजनीतिक पूर्वाग्रह राख्ने तथा द्वन्द्व सिर्जना हुने कार्य नहोस् भन्ने आग्रह गर्दछ।'- नेकपाको विज्ञप्तिमा उल्लेख छ।

साथै नेकपाले गत फागुन २१ गते सम्पन्न प्रतिनिधिसभाको निर्वाचनबाट बहुमत प्राप्त दल राष्ट्रिय स्वतन्त्र पार्टीका नेता बालेन्द्र शाह प्रधानमन्त्री भएकोमा बधाई दिँदै शुभकामना व्यक्त गरेको छ।

## रूपन्देहीमा १६औं राष्ट्रिय भेटेरिनरी सम्मेलनको तयारी




बुटवल। रुपन्देहीमा १६औं राष्ट्रिय भेटेरिनरी सम्मेलन-२०२६ हुने भएको छ। नेपालमा पशु स्वास्थ्य, प्रविधि तथा अनुसन्धानको समन्वित विकासलाई प्रवर्द्धन गर्ने उद्देश्यले नेपाल भेटेरिनरी एशोसियसन (एनभीए)को आयोजनामा सम्मेलन हुन लागेको हो। यही चैत्र २७ र २८ गते जिल्लाको मणिग्रामस्थित होटल ड्रिमल्याण्ड रिसोर्टमा सम्मेलन हुनेछ।

'दिगो पशुधन र खाद्य सुरक्षाको लागि स्वास्थ्य मार्ग' भन्ने मूल नारासहित आयोजना हुन लागेको सम्मेलनले मानव, पशु र वातावरणबिचको अन्तरसम्बन्धलाई वैज्ञानिक तथा व्यवहारिक दृष्टिकोणबाट उजागर गर्ने लक्ष्य राखेको आयोजकले शनिबार मणिग्राममा पत्रकार सम्मेलन गरी जनाएका हुन्। सम्मेलनमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विज्ञ, अनुसन्धानकर्ता, विद्यार्थी तथा सम्बन्धित सरोकारवाला निकायहरूको उल्लेख्य सहभागिता रहने नेपाल भेटेरिनरी एशोसियसनका अध्यक्ष डा.केदार सुवेदीले बताए।

कार्यक्रमको व्यवस्थापन नेपाल भेटेरिनरी एशोसियसन लुम्बिनी प्रदेश (एनभीए लुम्बिनी) ले गर्नेछ। साथै एनभीए लुम्बिनीकै संयोजनमा सम्मेलनको पूर्वसन्ध्यामा चैत्र २६ गते दिउँसो तिलोत्तमा रहेको एक्स्ट्राटेक ओभल अन्तर्राष्ट्रिय क्रिकेट मैदानमा नेपालभरिका भेटेरिनरीयनहरूबिच मैत्रीपूर्ण क्रिकेट प्रतियोगिता आयोजना गरिएको छ।

सम्मेलनमा पशु सेवा विभागकातर्फबाट समग्र पशुपन्छी क्षेत्रको वर्तमान अवस्था तथा आगामी कार्यदिशासम्बन्धी बृहत् नीतिगत प्रस्तुति रहनेछ। साथै, विभिन्न क्षेत्र तथा थिमअनुसारका कार्यपत्रहरू प्रस्तुत गरिनेछन्। 'राष्ट्रिय तथा अन्तर्राष्ट्रिय आमन्त्रित विज्ञहरूद्वारा विशेष प्रस्तुतिहरू राखिने कार्यक्रम छ', अध्यक्ष डा.सुवेदीले भने-'विभिन्न देशका प्रतिष्ठित विज्ञहरूले पशु स्वास्थ्य, महामारी नियन्त्रण, खाद्य सुरक्षा, जलवायु परिवर्तन तथा नवीन प्रविधिसम्बन्धी विषयहरूमा आफ्नो प्रस्तुति दिने कार्यक्रम तय गरिएको छ।'

सम्मेलनका प्रमुख आकर्षणहरूमा प्राविधिक सत्रहरू, अनुसन्धान प्रस्तुतिहरू, प्यानल छलफल तथा अनुभव आदानप्रदान कार्यक्रमहरू समावेश गरिएको एनभीएस लुम्बिनीका अध्यक्ष डा.भरत काफ्लेले बताए। १५० भन्दा बढी अनुसन्धानपत्र प्रस्तुत हुने, ७ भन्दा बढी देशका प्रतिनिधिहरूको सहभागिता रहने तथा १५ भन्दा बढी अन्तर्राष्ट्रिय आमन्त्रित वक्ताहरूले आफ्नो धारणा राख्ने कार्यक्रम रहेको उनले जनाए।

» बाँकी ३ पेजमा




# सम्पादकीय

## प्रतिशोध होइन्, सहकार्य र संवाद गर

प्रधानमन्त्री बालेन्द्र साहले सपथ लिएको भोलिपल्ट नै पूर्व प्रधानमन्त्री केपी शर्मा ओली र पूर्व गृहमन्त्री रमेश लेखकलाई पक्राउ गरेर सरकारले राजनैतिक प्रतिशोध साँधेको छ। भदौ २३ र २४ गतेको जेनजी आन्दोलनमा भएको दमन र विध्वंशको छानबिन गर्न गठन भएको गौरीबहादुर कार्की नेतृत्वको आयोगले तयार गरेको प्रतिवेदन नै विवादमा आइरहेका बेला सरकारले चालेको पहिलो कदमले मुलुकलाई मुठभेडमा लगेको छ।

भदौ २३ गतेको दमनमा ओली र लेखकको संलग्नता कुन खालको थियो ? यो अनुसन्धानको पाटो हुनुपर्छ, तर पर्याप्त अनुसन्धान नभइ पक्राउ गर्नुले समाजलाई द्वन्द्वतर्फ लैजाने हेक्का सरकार सञ्चालकलाई नहुनु विडम्बना मान्नुपर्छ। आयोगले अनुसन्धान गर्नका लागि प्रतिवेदनमा सिफारिस मात्रै गरेको हो। सरकारले अनुसन्धान नगरी पक्राउ गरेर जुन प्रतिशोध साँधेको छ, यसले मुलुकलाई सहज अघि बढाउँदैन। आयोगले कसैलाई दोषी ठहऱ्याउँदैमा वा कारबाहीको सिफारिस गर्दैमा त्यो स्वतः सजाय वा पक्राउको आधार बन्दैन। सरकारले प्रतिवेदन अध्ययन गरेर कार्यान्वयनमा लैजाने वा नलैजाने निर्णय गर्न सक्छ, तर प्रतिवेदन नै प्रमाण होइन। यो पक्राउको जग नै कमजोर छ, प्रतिवेदनका आधारमा अनुसन्धान गरी बलियो प्रमाण तयार गर्न सकेका भए पक्राउको जग बलियो हुन्थ्यो, तर प्रतिवेदनमा सिफारिस गरेकै आधारमा पक्राउ गर्न हतारो गरेर सरकारले कमजोरी गऱ्यो।

ओली र लेखक पक्राउ पर्न सक्छन्, जो कोही अनुसन्धानको घेरामा आउन सक्छन्, तर जुन विधि र प्रक्रिया अपनाइयो, यसले यो सरकारप्रति नागरिकको जुन विश्वासको जग तयार भएको छ, त्यो टुट्न सक्छ। यो सरकारप्रति धेरै आशा र अपेक्षा छन्, ती अपेक्षा पूरा गर्न सरकारले संयमतापूर्वक अघि बढ्नुपर्ने छ। तत्काल 'एक्सन'मा जाने यस्तो शैलीले नागरिकका अपेक्षा पूरा सरकारलाई समस्या हुनसक्छ। अराजकतालाई बल पुऱ्याउँछ। राज्य सञ्चालकले थिति र विधि बसाल्ने हो। विधि र थितिभन्दा ठाडो निर्देशनका भरमा राज्य संयन्त्रलाई प्रयोग गर्दा छिट्टै राज्य संयन्त्र पंगु बन्छ।

भदौ २४ गते भएको विध्वंशमा संलग्नहरुप्रति सरकार मौन छ, जसरी प्रतिवेदन नै मौन छ। प्रतिवेदनले भदौ २३ को दमनका बारेमा जसरी खुलेर बोलेको छ, भदौ २४ गतेको विध्वंशलाई नजरअन्दाज गरेर आशंकालाई बल पुऱ्याएको छ।

भदौ २३ को दमनमा संलग्न भएको भन्दै ओली र लेखकलाई जुन हतारोका साथ पक्राउ गरियो त्यसैगरी भदौ २४ को घटनामा संलग्नलाई पक्राउ गर्न बेवास्ता गर्दा प्रतिशोध प्रष्ट देखिन्छ। यो सरकारले प्रतिशोधको श्रृंखला अझै बढाउनसक्ने देखिन्छ। गृहमन्त्रीको उत्ताउलोपनले सरकारका काम कारबाही अघि बढ्न थालेका छन्। सरकार प्रतिशोधका साथ अघि बढ्यो भने मुलुकले अर्को कठिन समय गुज्रार्नै निश्चित छ।

दुई तिहाइ नजिकको सरकारले जवाफदेही र जिम्मेवार पूर्वक आफ्ना काम गर्न चुक्यो भने जनमत पाएर मात्रै हुँदैन, त्यसले समाजमा चर्को असन्तुष्टि सामना गर्नुपर्छ। राजनैतिक दलसँग संवाद गर्दै सहिष्णुतासाथ अघि बढ्दा मात्रै आकांक्षा पूर्ति गर्न सम्भव छ। प्रतिशोध मुक्त सरकारले मात्रै मुलुकलाई सही ढंगले अघि बढाउन सक्छ।

# युद्ध अन्त्यको विश्व चाहना



नवराज सुवेदी

*नेपालबाट हामी सबैको अपिल छ कि, अमेरिका र इजरायलले इरानमाथिको सैन्य हस्तक्षेप बन्द गरुन्, इरानले युद्धमा असंलग्न छिमेकीमाथिको आक्रमण बन्दगरी प्रतिशोध र कट्टरताको बाटो त्याग्दै शान्तिवार्ता र संवादमा पुनः संलग्न होस्। यही गर्नु नै विश्व शान्तिका लागि हितकर हुने छ। वस्तुतः युद्ध र आतङ्कलाई अन्त्य नगरुन्जेल संसारका न्यायप्रेमीहरूले आफ्नो आवाज बुलन्द गर्न छाड्नु हुन्न। केवल वर्तमानका लागि मात्र नभई भविष्यका निम्ति समेत सबै देशका सरकार र जनताले यो कार्यलाई निरन्तर अघि बढाउनु पर्छ।*



पश्चिम एसियामा युद्ध चर्कँदै गएको छ। यो युद्धको असर अब केवल पश्चिम एसियामा मात्र सीमित रहेन। मानवीय र भौतिक संरचनाको क्षति युद्धको बाह्य देखिने पक्ष भए पनि यो युद्धको अब बहुआयामिक असर क्रमशः सबैतिर देखा पर्न थालेको छ। युद्धको असर अब टाढा/टाढा रहेका विभिन्न मुलुकका मानिसका भात भान्सामा पनि पर्न थालेको छ।

इजरायली अमेरिकी सेनाद्वारा इरानमा गरिएको सैन्य हस्तक्षेपबारे अब बाँकी विश्व के निष्कर्षमा पुग्दै छ भने यो युद्ध उचित थिएन। किनकि आजको विश्वमा छलफल, वार्ता र मध्यस्थताद्वारा धेरै कुरा हल हुन सकिन्थ्यो। केही समयअघि जेनेभामा सम्पन्न शान्ति वार्तामा इरानले परमाणु हातहतियारका लागि अत्यावश्यक प्रशोधित युरेनियम आधिकारिक विश्व सङ्गठनलाई जिम्मा लगाउन तयार रहेको विषय बाहिर आएको थियो। दुर्भाग्यवश, ओमानद्वारा मध्यस्थता गरिएको त्यो वार्ता निष्कर्षमा नपुग्दै फेब्रुअरी २८ मा इजरायली र अमेरिकी सेनाद्वारा संयुक्त रूपमा इरानमाथि हमला सुरु गरियो।

इजरायली र अमेरिकाद्वारा गरिएको हवाई हमलाको जवाफमा इरानले गरेको जवाफी कारबाहीमा मध्यपूर्वका सैन्य शिविर, सैन्य पोस्ट, बन्दरगाह, तेल र ग्यास उत्पादन केन्द्रसमेत परेका छन्। इरानको सबैभन्दा ठुलो ग्यास उद्योगलाई समेत निशाना बनाइएको छ। परिणामतः विश्वस्तरमै तेल र ग्यासको मूल्य अकासिएको छ।

इजरायल र अमेरिकाको संयुक्त सैन्य कारबाहीमा इरानका सर्वोच्च नेता, सर्वोच्च सैन्य परिषद्का सचिव, गुप्तचरमन्त्री, सैन्य कमान्डरसहित हजारौँ गैरसैनिक समेत मारिएका छन् भने दक्षिणी इरानको प्राथमिक विद्यालयका १६० भन्दा बढी बालबालिका र कर्मचारी पनि मारिएका छन्। युद्धबाट इरानमा ३० लाखभन्दा बढी मानिस विस्थापित भएका छन्। यता लेबनानमा पनि इजरायली हमलाबाट सयौँको संख्यामा मानिस मारिएका छन् र दुई लाखभन्दा बढी विस्थापित भएका छन्। यो युद्ध फैलँदै फैलँदै अब क्षेत्रीय युद्धबाट विश्वस्तरतिर बढ्दै गएको छ।

सबैलाई ज्ञात भएको कुरा हो, पश्चिम एसिया संसारको तेल र ग्यासको मुख्य केन्द्र हो। विकसित, विकासोन्मुख र अल्पविकसित सबै देश यहाँ उत्पादित तेल र ग्यासमा निर्भर छन्। विश्वकै ३१ प्रतिशत तेल र १८ प्रतिशत ग्यास पश्चिम एसियाले पूर्ति गर्छ। एसियाको कुरा झन् बेग्लै छ, एसियाली देशको ५९ प्रतिशतभन्दा बढी निर्भरता पश्चिम एसियाको कच्चा तेलमा टिकेको छ। त्यस हिसाबले हेर्दा पश्चिम एसियाको युद्ध र अशान्तिले इन्धन सङ्कट, इन्धन मूल्यवृद्धि र त्यसबाट अन्य वस्तुको मूल्य र सेवाको उपभोगमा प्रत्यक्ष रूपमा असर पार्ने र मूल्यवृद्धि हुने कुरा स्वतः स्पष्ट छ।

अहिले देखिएको इन्धन सङ्कट सामुद्रिक मार्गको अवरोधसँग समेत जोडिएको छ। अमेरिकी-इजरायली हमलाको प्रतिवादमा इरानले हर्मुज जलसन्धिमा नाकाबन्दी गरेको छ। त्यसमार्गबाट चल्ने जहाजमाथि मिसाइल आक्रमण हुने गरेका छन्। त्यो असुरक्षाबिच पानी जहाजको आवागमनमा अवरोध सिर्जना भएको छ। यो सबै स्थितिको मूल कारण इरानमा गरिएको अमेरिकी-इजरायली सैन्य हस्तक्षेप नै हो र त्यसको समाधान नभएसम्म भौतिक र मानवीय क्षति, इन्धन सङ्कट, मूल्यवृद्धि र आपूर्ति शृंखला निरन्तर प्रभावित भइरहने छ।

गाजा युद्धमा भएको महाविनाश सबैको मनमा ताजै छ। त्यो घाउ निको हुन नपाउँदै पुनः इजरायल-अमेरिका-इरान युद्ध चर्कनु विडम्बनापूर्ण छ। इजरायलका प्रधानमन्त्री बेन्यामिन नेतन्याहुमाथि अलोकप्रियताका कारण नेतृत्व र पद जोगाउन युद्धको सहारा लिएको आरोप लागेको छ। इजरायलकै उक्साहटमा पुनः अर्को युद्ध सुरु हुनु विश्वमै अप्रिय विषय बन्नु स्वाभाविक हो।

इजरायलको उक्साहटमा नेतृत्व युद्धमा संलग्न भएकोमा ट्रम्प प्रशासनको संयुक्त राज्य अमेरिकाभित्रै आलोचना मात्र भइरहेको छैन, लामो समय अमेरिकाको 'प्रति आतङ्कवादी केन्द्र' को निर्देशकको रूपमा नेतृत्व गरेका जो केन्टले त्यो युद्धमा असहमति जनाउँदै राजीनामा समेत दिइसकेका छन्। आफ्नो राजीमानापत्रमा उनले भनेका छन्-"इरानबाट हाम्रो देशलाई तत्काल कुनै खतरा थिएन, मात्र अमेरिकास्थित इजरायली लबीको दबाबमा यो युद्ध थोपर्नु ठिक छैन। पहिले पनि हामी अफगानी युद्धमा संलग्न भयौँ, जहाँ हाम्रा हजारौँ देशका युवाले आफ्नो अमूल्य जीवन गुमाए। फेरि हामी त्यही दोहोऱ्याउँदै छौँ, यो युद्धमा इजरायलबाट हामीमाथि धोका धडी भएको छ।" अमेरिकाका निम्ति एघार लडाइँ लडेका र युद्धमा आफ्नी पत्नीसमेत गुमाएका जो केन्टको उक्त भनाइ मार्मिक छ। त्यसैगरी कैयौँ अमेरिकी सिनेटर एवं तल्लो सदनका सदस्यहरूले समेत युद्धको अमेरिकामा नै चर्को विरोध गरिरहेका छन्।

ट्रम्प प्रशासनले इरानमाथि गरेको कारबाहीलाई उनका सहयोगी राष्ट्रहरूबाट समर्थन मिलेको छैन। ट्रम्पको पटक-पटकको सहयोगको आग्रहलाई नेटोमा संलग्न राष्ट्रहरूले नै अस्वीकार गरेका छन्। राष्ट्रपति ट्रम्पले हर्मुज जलमार्गको सुरक्षाका लागि आफ्ना युद्धपोत पठाउन गरेको आग्रहलाई क्यानडा, जर्मनी र बेलायतले अस्वीकार गरेका छन्। अस्ट्रेलिया, जापानले उक्त युद्धमा प्रत्यक्ष/परोक्ष संलग्न हुन विभिन्न कारण दर्शाएर इन्कार गरेका छन्।

स्पेन, इटाली र आइयाल्यान्ड आदिले पनि युद्धको कडा आलोचना गरेका छन्। जर्मनीका रक्षामन्त्री बोरिस पिस्टोरसले भनेका छन् -"यो युद्ध हाम्रो युद्ध होइन, संयुक्त राज्य अमेरिकाले हामीसँग सरसल्लाह गरेर यो युद्ध सुरु गरेको होइन।" जर्मनीले युद्धको सट्टा वार्ता र कूटनीतिक समाधानमै जोड दिएको छ। त्यसरी समग्रमा मध्यपूर्वमा जुन युद्ध थोपरिएको छ, त्यसको कतै समर्थन छैन, बरु त्यसको चौतर्फी विरोध मात्र भएको छ।

इजरायल-इरान युद्ध र संयुक्त राज्य अमेरिकाको प्रत्यक्ष संलग्नताले क्रमशः सम्पूर्ण विश्वलाई अहिले मानवीय सङ्कटतर्फ धकेल्दै छ, खाडीमा कार्यरत लाखौँ आप्रवासी कामदार युद्ध भयले त्रसित छन्। तिनीहरू अब विस्थापनको चरणमा पुगेका छन्। इन्धनको सङ्कट र मूल्यवृद्धिले युरोपेली देश मात्र नभई नेपाल, भारत, श्रीलङ्का, बङ्गलादेश, पाकिस्तानलगायतका मुलुक गम्भीर रूपले प्रभावित छन्। पर्यटन क्षेत्र यसबाट नराम्ररी प्रभावित भइसकेको छ। युद्ध लम्बिँदै गएमा चार करोड ५० लाख मानिस छिट्टै खाद्य सङ्कटमा पर्ने प्रतिवेदन विश्व खाद्य कार्यक्रमले दिइसकेको छ। यो सबै स्थितिले गर्दा मध्यपूर्वको वर्तमान युद्ध जारी रहेमा विश्वव्यापी मानवीय विपत्ति निम्तिनेमा सन्देह छैन। वर्तमान युद्धका सन्दर्भमा इरानको भूमिकाका बारेमा पनि केही चर्चा गर्नु सान्दर्भिक हुन्छ। यो युद्धमा इरानले थुप्रै नेता तथा वैज्ञानिक, सैन्य कमान्डर, सिपाही, सर्वसाधारण नागरिकका साथै बालबालिका समेत गुमाएको छ। त्यसबाहेक दक्षिण पारसका ग्यास उत्पादन केन्द्रसमेतका कैयौँ औद्योगिक केन्द्र र थुप्रै अन्य संरचनामा गम्भीर नोक्सानी बेहोरेको छ। जसको पुनर्निर्माणका लागि दशकौँ लाग्ने देखिन्छ। यस किसिमका क्षतिका बिच पनि विश्वका विभिन्न मुलुक र त्यहाँका जनताका सामु ऊ गैरजिम्मेवार हिसाबले प्रस्तुत हुनु उचित हुँदैन। विश्वबाट उसले सहानुभूति त्यतिबेला पाउँछ, जब ऊ जिम्मेवार रूपमा प्रस्तुत हुन्छ।

इरानका नेताले 'यो युद्ध हामी लम्ब्याउँछौँ, अब सबै हाम्रो हातमा छ, अमेरिका र इजरायलको हातमा केही छैन' भन्ने अभिव्यक्ति दिएको पाइन्छ। यसको सोझो अर्थ के हो भने तेल, ग्याससहितका पश्चिम एसियाका विभिन्न देशका औद्योगिक केन्द्रमा बढीभन्दा बढी आक्रमण गर्ने, तिनलाई तहसनहस पार्ने र हर्मुज जलमार्गलाई आफ्नो नियन्त्रणमा राखेर चौतर्फी इन्धन सङ्कट सिर्जना गर्ने रणनीतिमा ऊ लागेको देखिन्छ। अर्थात् 'आफू त डुबियो, सबैलाई डुबाउँछु' भन्ने खालको रणनीति उसले अँगालेको छ।

'तत्काल वार्ता-संवाद कसैसँग नगर्ने' भन्ने किसिमको सङ्केत इरानबाट आएको पाइन्छ। यस्तो कठोर रवैयाले इरानलाई पनि कुनै फाइदा पुग्ने छैन। इरानमाथि आतङ्कवादलाई प्रश्रय दिएको आरोप पनि छ। यद्यपि तत्कालको हकमा युद्ध सुरु गर्न इजरायल र संयुक्त राज्य अमेरिका नै बढी जिम्मेवार छन् तापनि इरानले पनि विगतमा आफ्ना प्रोक्सीहरू-हिजबुल्लाह, हुथी र हमासमार्फत् विभिन्न मुलुकमा आतङ्क फैलाएको पूर्ण रूपले असत्य होइन। यसमा इरानको संलग्नता नभएको कुरा उसले आफ्नो व्यवहारबाटै प्रस्ट्याउन जरुरी छ। अतः युद्ध लम्ब्याउनु भन्दा वार्ता र कूटनीतिक संवादद्वारा निष्कर्षमा पुग्नुको इरानसामु पनि कुनै विकल्प छैन। किनकि आजको युगमा आतङ्क, प्रतिशोध र युद्धको निरन्तरताले कसैलाई पनि फाइदा पुग्दैन।

नेपालबाट हामी सबैको अपिल छ कि, अमेरिका र इजरायलले इरानमाथिको सैन्य हस्तक्षेप बन्द गरुन्, इरानले युद्धमा असंलग्न छिमेकीमाथिको आक्रमण बन्दगरी प्रतिशोध र कट्टरताको बाटो त्याग्दै शान्तिवार्ता र संवादमा पुनः संलग्न होस्। यही गर्नु नै विश्व शान्तिका लागि हितकर हुने छ। वस्तुतः युद्ध र आतङ्कलाई अन्त्य नगरुन्जेल संसारका न्यायप्रेमीहरूले आफ्नो आवाज बुलन्द गर्न छाड्नु हुन्न। केवल वर्तमानका लागि मात्र नभई भविष्यका निम्ति समेत सबै देशका सरकार र जनताले यो कार्यलाई निरन्तर अघि बढाउनु पर्छ।

*(सुवेदी साउदी अरबका लागि नेपालका पूर्वराजदूत हुनुहुन्छ।)*

# क्षयरोगमा स्थानीय तहका स्वास्थ्यकर्मीहरूको भूमिका

अनुज मिश्र

वि.सं. २०७४ सालमा स्थायी नियुक्ति लिएसँगै सरकारी सेवामा स्वास्थ्यकर्मीका रूपमा प्रवेश गर्दासम्म मलाई क्षयरोग भनेको Mycobacterium tuberculosis नामक जीवाणुबाट मानिसमा लाग्ने एक प्राणघातक सरुवा रोग हो भन्ने मात्र थाहा थियो। यो रोग थुकका छिट्टा (ड्रपलेट) मार्फत् एक व्यक्तिबाट अर्को व्यक्तिमा सर्छ भन्ने ज्ञान किताबमा सीमित थियो।

जब एक स्वास्थ्यकर्मीले स्थानीयस्तरमा रोगको निदान, उपचार र रोकथामका उपायहरूमा काम गर्दै जान्छ, तब मात्र थाहा हुन्छ कि एक जिम्मेवार स्वास्थ्यकर्मीको क्षयरोगप्रतिको कर्तव्य व्यक्ति, परिवार, समाज हुँदै राज्यसम्म फैलिएको हुन्छ। काम गर्दै जाँदा बिरामी निको हुँदा अत्यन्त खुशी लाग्छ भने औषधि नियमित सेवन नगर्दा बिरामीले मृत्यु वरण गर्दा अत्यन्त दुःख लाग्छ। उपचारका क्रममा स्वास्थ्यकर्मीहरू आफै संक्रमित हुने जोखिम पनि उत्तिकै रहन्छ।

सरकारी तथा गैरसरकारी संस्थाहरूले क्षयरोग नियन्त्रणमा लगानी गरिरहेका छन्। तथापि, बिरामीहरूको संख्या घट्नुको सट्टा समुदायमा लुकेका बिरामीहरू अझै धेरै छन्, जुन समुदायका लागि जोखिमपूर्ण हुन सक्छ।

नेपालको पछिल्लो अवस्था (आ.व. २०८१/०८२) अनुसार, कुल अनुमानित क्षयरोगी संख्या करिब ६७,००० प्रति वर्ष रहेको छ। नयाँ केस दर १,००,००० जनसंख्यामा २२७ रहेको छ। त्यस्तै, वार्षिक मृत्यु संख्या करिब १६,००० देखि १८,००० सम्म रहेको छ, जसको प्रमुख कारण क्षयरोग हो।

सन् २०२३ को तथ्यांकअनुसार, नेपालमा पत्ता लागेका करिब ६८,००० बिरामीमध्ये ४०,००० उपचारमा छन् भने करिब ३०,००० बिरामी अझै उपचारको दायरामा आएका छैनन्। यसले के देखाउँछ भने क्षयरोगीहरू अझै पनि समाजमै छन् र अन्य स्वस्थ व्यक्तिमा रोग सार्ने जोखिम रहिरहेकै छ।

**स्थानीयस्तरका स्वास्थ्यकर्मीहरूले भोग्ने प्रमुख चुनौतीहरू:**

१) बिरामी पहिचानमा ढिलाइ हुनु

बिरामीहरू स्वास्थ्य समस्या देखिने बित्तिकै स्वास्थ्य संस्थामा नआएर घरेलु



उपचारतर्फ लाग्ने वा औषधि पसलबाट जथाभावी औषधि किनेर सेवन गर्ने प्रवृत्ति हुन्छ। खोकी लागेपछि खकार परीक्षण नगरी एन्टिबायोटिक प्रयोग गर्दा रोग लुक्ने र फैलिने सम्भावना बढ्छ।

२) नियमित औषधि सेवन नगर्नु

निदान भएपछि पनि बिरामीले चिकित्सक वा स्वास्थ्यकर्मीले तोकेअनुसार औषधि सेवन नगर्ने, बीचमै छोड्ने समस्या हुन्छ। यसले औषधि प्रतिरोधी क्षयरोगको जोखिम बढाउँछ।

३) सामाजिक कारण

क्षयरोगीलाई समाजमा फरक नजरले हेर्ने, दोश्रो दर्जाको व्यवहार गर्ने जस्ता कारणले बिरामी उपचारबाट टाढा हुन सक्छन्।

४) आर्थिक समस्या

विपन्न परिवारका लागि उपचार गर्न जान यातायात खर्च अभाव, पोषणयुक्त खाना खान नसक्नु जस्ता समस्याले उपचारमा बाधा पुऱ्याउँछ।

५) दक्ष स्वास्थ्यकर्मीको अभाव

दुर्गम तथा कतिपय सुगम क्षेत्रमै पनि क्षयरोगसम्बन्धी आधारभूत तालिम प्राप्त स्वास्थ्यकर्मीको अभाव हुँदा निदान र उपचारमा समस्या हुन्छ।

६) अन्य चुनौतीहरू

संक्रमित बस्तीमा गएर खकार नमूना संकलन गर्न कठिनाइ हुनु, स्वास्थ्यकर्मी आफैं संक्रमित हुने जोखिम रहनु आदि।

**समाधानका उपायहरू:**

१) सक्रिय बिरामी खोज (Active Case Finding ) सक्रिय केस खोज)

समुदायमा रहेका तर उपचारमा नआएका बिरामीहरूलाई समुदायमै खकार नमुना संकलन गरेर पहिचान गर्ने। उपचाररत बिरामीका परिवारका सदस्यहरूको सम्पर्क परीक्षण गर्नु।

२) प्रत्यक्ष निगरानीमा उपचार (DOTS) प्रत्यक्ष निगरानी उपचार प्रणाली)

स्वास्थ्यकर्मीको निगरानीमा बिरामीलाई औषधि सेवन गराउने, जसले उपचार सफलता दर बढाउँछ।

३) समुदायमा आधारित स्वास्थ्य शिक्षा

क्षयरोगसम्बन्धी जनचेतना फैलाउने, अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने, पोस्टर/पम्प्लेट प्रयोग गर्ने।

४) पोषण सहयोग

बिरामीलाई पोषणयुक्त आहारका लागि आर्थिक तथा खाद्य सहयोग उपलब्ध गराउने।

५) स्वास्थ्य सेवा प्रणाली सुदृढीकरण

एकीकृत सेवा प्रणाली विकास गर्ने, एउटै निर्देशिका (Guideline) मार्गनिर्देशन) अनुसार काम गर्ने।

माइक्रोस्कोपिक केन्द्र, डिजिटल एक्स-रे सेवा विस्तार गर्ने, स्वास्थ्यकर्मीलाई तालिम दिने।

६) डिजिटल प्रणाली विकास

बिरामीको सम्पूर्ण विवरण (खकार परीक्षण, औषधि तालिका, सम्पर्क परीक्षण) डिजिटल अभिलेखमा राख्ने।

**निष्कर्ष**

क्षयरोग नियन्त्रणमा स्वास्थ्यकर्मीको भूमिका अत्यन्त महत्वपूर्ण छ। नेपाल सरकारले "End TB Strategy २०३५" लक्ष्य लिएको भए पनि कार्यान्वयनमा कमजोरी देखिन्छ। कतिपय स्थानमा कार्यक्रमहरू समिति गठनमै सीमित भएका छन्।

यदि स्थानीय तहमा कार्यरत स्वास्थ्यकर्मीहरूले प्रभावकारी रूपमा काम गर्न सके भने क्षयरोगको संक्रमण दर घटाउन सकिन्छ। त्यसका लागि तीनै तहका सरकारले रणनीतिलाई व्यवहारमा उतार्न आवश्यक छ।

### राजनैतिक...

पूर्व एआइजी टेकप्रसाद राई सरकारले हतार गरेर प्रक्रिया नपुऱ्याएको बताउँछन् । उनले भने-'कारबाही नै गर्ने भए पनि त्यसको पनि प्रक्रिया हुन्छ नि । तत्कालै पक्राउ गर्नुपर्ने अवस्था हो जस्तो मलाई लाग्दैन् ।' राईका भनाइमा, कार्यान्वयन गर्ने भनेपछि एउटा अनुसन्धान टिम बनाएर काम अघि बढाउनुपर्थ्यो । चेन अफ कस्टडीको कुरा हुन्छ । घटनास्थल मुचुल्काहरुको विषय आउँछन् । त्यसपछि घटना घटाउने पात्रहरु होलान् । बयानको कामहरु होला । अलि बल्ल पक्राउको कुरा हुन्छ । आयोगले प्रतिवेदनमा ओली र लेखक सहितलाई मुलुकी अपराध संहिता, २०७४ को दफा १८१ अनुसार अनुसन्धान गर्नु भनि सिफारिस गरेको छ । यो दफामा कसैले लापरबाहीपूर्ण काम गरी कसैको ज्यान मार्न हुँदैन भन्ने व्यवस्था छ । त्यसरी ज्यान जाने काम गरेमा तीनदेखि १० वर्षसम्म कैद र ३० हजार रुपैयाँदेखि एक लाख रुपैयाँसम्म जरिवाना हुने व्यवस्था छ । एमाले नेता गोकुल बास्कोटाले मुलुक बालेन युगमा जान्छ भनिएकोमा ब्लयाकहोलतिर जाने देखिएको टिप्पणी गरेका छन् । उनले भनेका छन्-'पार्ट थ्री कति समयसम्म पुग्ने हो ? पाकिस्तानी र बंगलादेशी मोडल नेपाली समाजले स्विकार गर्दैन् । पूर्वाग्रह र प्रतिशोध फाइनल्ली राम्रो हुँदै होइन् । जसलाई जेसुकै लागोस् ।'

पूर्व महान्यायाधीवक्ता रमेश बडाल आयोगले फौजदारी अपराध संहिताको यो दफामा टेक्नु नै आयोगको कमजोरी भएको बताए । 'यो दफाले भौतिक उपस्थितिको उल्लेख गरेको हो । ओली र लेखकले कस्तो लापरवाही गरेका हुन् ? त्रुटिपूर्ण प्रतिवेदन तयार गरेर प्रतिशोध लिन खोजिएको छ, भुराजनीतिक चलखेलका आधारमा फसाउन खोजिएकोछ ।'-उनले भने ।

**पक्राउ गर्नुअघि के–के भयो ?**

शुक्रबार अपराह्न मन्त्रिपरिषद्को पहिलो बैठकले गौरीबहादुर कार्की नेतृत्वको जाँचबुझ आयोगको प्रतिवेदन कार्यान्वयन गर्ने निर्णय गऱ्यो । मन्त्रिपरिषद्ले जाँचबुझ आयोगको प्रतिवेदनको हकमा दुई बुँदे निर्णय गरेको थियो । पहिलो 'उल्लिखित आयोगले सिफारिस गरेका व्यक्ति र निकायमध्ये सुरक्षा संयन्त्रका हकमा अध्ययन समिति गठन गरी सो समितिले पेश गर्ने सिफारिसबमोजिम गर्ने ।' दोस्रो त्यही प्रतिवेदनमा 'अन्यका हकमा सो आयोगले गरेको सिफारिसलाई तत्काल कार्यान्वयन गर्न सम्बन्धित निकायलाई निर्देशन दिने' ।

मन्त्रिपरिषद्को पहिलो निर्णय कार्यान्वयन गर्न तत्काल नै प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले गृह मन्त्रालयमा पत्र पठायो ।

मन्त्रिपरिषद्को निर्णय पाउनासाथ गृहमन्त्री सुदन गुरुङले अर्को निर्णय गरे । उनले शुक्रबार नै गरेको निर्णयमा भनिएको छ-'नेपाल सरकार मन्त्रिपरिषद्बाट भएको उल्लिखित निर्णयको कार्यान्वयन गर्न तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली र तत्कालीन गृहमन्त्री रमेश लेखकलाई आयोगको सिफारिस कार्यान्वयनको प्रक्रिया अगाडि बढाउने ।'

गृह मन्त्रालयले मन्त्री गुरुङको निर्णयसहित मन्त्रिपरिषद्को निर्णय तत्काल प्रहरी प्रधान कार्यालयमा पठायो । निर्णयका साथमा जाँचबुझ आयोगको प्रतिवेदन समेत पठाइएको थियो ।

गृहले प्रहरी हेडक्वाटरमा पठाएको पत्रमा भनिएको छ-'नेपाल सरकार मन्त्रिपरिषद्बाट भएको उल्लिखित निर्णयको कार्यान्वयन गर्न तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली र तत्कालीन गृहमन्त्री रमेश लेखकलाई आयोगको सिफारिस कार्यान्वयनको प्रक्रिया अगाडि बढाउनका लागि मन्त्रिपरिषद्बाट प्राप्त आयोगको प्रतिवेदन यसैसाथ संलग्न राखी पठाइएको व्यहोरा मिति २०८२ चैत १३ गते को मन्त्रिस्तरीय निर्णय अनुसार अनुरोध छ ।'

त्यो पत्रमा पत्रमा 'आवश्यक कारबाही सम्बन्धमा' भन्ने उल्लेख छ । उसले नेपाल सरकारको मन्त्रिपरिषद्को बैठकको निर्णयलाई आधार बनाएको छ ।

गृह मन्त्रालयका शाखा अधिकृत आनन्दवंश न्यौपानेले पठाएको पत्रका आधारमा शुक्रबार राती नै प्रहरी महानिरीक्षक दानबहादुर कार्कीले प्रहरी प्रधान कार्यालयको अपराध अनुसन्धान विभागलाई तोक लगाए ।

कार्कीको तोकमा भनिएको छ-'अपराध अनुसन्धान विभाग, आवश्यक कार्यार्थ पठाइएको छ । तदनुसार मातहत पठाउनु ।' त्यसपछि प्रहरीको अपराध अनुसन्धान विभागले काठमाडौं उपत्यका प्रहरी कार्यालय, रानीपोखरीमा पत्र पठाएको देखिन्छ । त्यो पत्रको बोधार्थ काठमाडौं र भक्तपुरको जिल्ला प्रहरी परिसरमा पठाइएको थियो ।

पत्र पाइसकेपछि जिल्ला प्रहरी परिसर, काठमाडौंले पक्राउ पुर्जी तयार गरेको थियो । शनिबार बिहानको मिति अर्थात् १४ चैत, २०८२ को पक्राउ पुर्जीमा पूर्वप्रधानमन्त्री ओलीलाई ज्यान सम्बन्धी कसूर समेतको मुद्दाको अनुसन्धानको सिलसिलामा तत्काल पक्राउ गर्नुपरेको उल्लेख छ ।

परिसरका डीएसपी राजु अधिकारीले मुलुकी फौजदारी कार्यविधि संहिता ऐन, २०७४ को अनुसूची ९ बमोजिमको जरुरी पक्राउ पुर्जी दिएका हुन् । संहिताको दफा ९(६)मा कुनै व्यक्ति पक्राउ नभएमा वा भाग्ने, उम्कने अनि प्रमाण, दसी वा सबूद नष्ट गर्ने कारण भएमा तत्कालै जरुरी पूर्जी जारी गरी पक्राउ गर्न सकिने उल्लेख छ । तर, पक्राउ गरेपछि सक्दो छिटो मुद्दा हेर्ने अधिकारीसमक्ष पेश गर्नुपर्नेछ ।

पूर्वप्रधानमन्त्री ओलीले पक्राउ पुर्जी बुझ्दै एक प्रति बुझी लिए भनेर बिहान ६ बजेर १० मिनेटको समयमा हस्ताक्षर गरेका हुन् । त्यसपछि ओलीलाई उनकै गाडीमा प्रहरी नियन्त्रणमा जिल्ला प्रहरी परिसर काठमाडौंमा पठाइएको थियो ।

### एमालेद्वारा...

शनिबार एक प्रेस विज्ञप्ति जारी गर्दै पूर्व राष्ट्रपति भण्डारीले यो पक्राउले दूरगामी प्रभाव पार्ने र अस्थिरताको जोखिम बढाउनसक्ने भन्दै चिन्ता व्यक्त गरेकी हुन् ।

'कार्की आयोगको प्रतिवेदन स्वयंमा पूर्ण नभएको कुरा अध्ययनहरूले देखाएको सन्दर्भमा, सरकार गठन भएको पहिलो दिनमै उक्त प्रतिवेदन कार्यान्वयन गर्ने निर्णय गर्दै तत्कालीन प्रधानमन्त्री तथा नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली तथा पूर्व गृहमन्त्री रमेश लेखकलाई पक्राउ गरिनु अत्यन्तै संवेदनशील र दूरगामी प्रभाव पार्ने विषय हो,' पूर्व राष्ट्रपति भण्डारीले भनेकी छन्- 'यस प्रकारको अपरिपक्व निर्णय वर्तमान संविधान, प्रचलित कानुन तथा स्थापित लोकतान्त्रिक अभ्यासहरूसँग मेल नखाने देखिन्छ ।'

कुनै पनि जाँचबुझ आयोगको प्रतिवेदन कार्यान्वयन गर्दा विधिसम्मत प्रक्रिया, पर्याप्त अध्ययन तथा संस्थागत परामर्श आवश्यक हुने विज्ञप्तिमा उल्लेख छ । 'हतारमा गरिएको निर्णयले विधिको शासनप्रति जनविश्वास कमजोर बनाउनसक्छ र मुलुकमा पुनः द्वन्द्व तथा अस्थिरताको जोखिम बढाउन सक्छ ।'- विज्ञप्तिमा भनिएको छ ।

सुशासनलाई मुख्य एजेन्डा बनाएर गठन भएको वर्तमान सरकारबाट यस्तो अपरिपक्व कदम चालिनु अत्यन्त दुःखद् विषय भएको उनले बताएकी छन् । 'लोकतान्त्रिक मूल्य, मान्यता तथा संवैधानिक मर्यादाको सम्मान गर्दै उक्त निर्णयलाई पुनर्विचार गरी फिर्ता लिनु उपयुक्त हुन्छ ।'- पूर्व राष्ट्रपति भण्डारीको सुझाव छ ।

### ओली...

पक्राउ परेका सातै जनालाई काठमाडौं जिल्ला प्रहरी परिसर भद्रकालीमा राखिएको उनले जानकारी दिए ।

घाइतेको टाउकोमा चोट लागेको भए पनि उनलाई उपचारपछि डिस्चार्ज गरिएको एसपी भट्टराईले जानकारी दिए ।

प्रदर्शन नियन्त्रणमा लिनका लागि प्रहरीले एक राउन्ड अश्रुग्यास प्रहार गरेको थियो । ओली पक्राउविरुद्ध रुपन्देहीको बुटवलमा पनि प्रदर्शन भएको छ । एमाले कार्यकर्ताहरुले बुटवलको मिलनचोकमा शनिबार दिउँसो आधा घण्टा प्रदर्शन गरेका हुन् । प्रदर्शनलाई लक्षित गरी ठूलो संख्यामा सुरक्षाकर्मीहरु परिचालन गरिएको थियो । प्रदर्शनकारीहरुले भदौ २३ र २४ को घटनाका योजनाकार प्रधानमन्त्री बालेन्द्र शाह र गृहमन्त्री सुधन गुरुङ भएको भन्दै उनीहरुको राजीनामा माग्दै नाराबाजी गरेका छन् ।

गृहमन्त्रीको राजीनामा नआउँदासम्म प्रदर्शन नरोकिने एमाले रुपन्देही उपसचिव बाबुराम पन्थीले बताए । उनले आइतबार जिल्ला प्रशासन कार्यालयमार्फत प्रधानमन्त्रीलाई ज्ञापनपत्र बुझाइने बताए ।

युवासंघका केन्द्रीय सदस्य कृष्ण कुमालले पार्टी अध्यक्ष र पूर्व गृहमन्त्री रमेश लेखकलाई अन्यायपूर्ण र गैरकानुनीरुपमा पक्राउ गरिएको भन्दै उनीहरुलाई अविलम्ब रिहा गर्न माग गरे ।

### देश...

नेपाली कांग्रेसले भदौ २३ र २४ गते भएको दमनबारे जाँचबुझ गर्न बनेको आयोगको प्रतिवेदन कार्यान्वयनका लागि चयनमुखी भएको निष्कर्ष निकालेको छ ।

शनिबार बसेको पार्टीको संसदीय सचेतना कार्यक्रमपछि पार्टीले एक विज्ञप्ति जारी गर्दै भदौ २३ र २४ गतेको व्यवहार 'सेलेक्टिभ' भएको निष्कर्ष निकालेको हो ।

'आयोगले सिफारिस गरेका व्यक्ति र निकायमध्ये सुरक्षा संयन्त्रका हकमा अध्ययन समिति गठन गरी सो बमोजिम गर्ने तर अन्यमा हकमा तत्काल कार्यान्वयन गर्ने भन्ने किसिमको निर्णय गर्नु र हतारमा पक्राउ गर्नुले भाद्र २३ को एउटै घटना, एउटै छानबिन प्रतिवेदन र एकै किसिमको सिफारिसमा पनि सरकारको व्यबहार "सेलेक्टिभ" भएको देखिन्छ ।'- कांग्रेसले भनेको छ ।

### संवैधानिक...

आयोगको प्रतिवेदन कार्यान्वयनका नाममा प्रतिवेदनको पेज नं. ७२१ को सिफारिसबमोजिम 'अनुसन्धान तहकिकात र अभियोजन गर्न गराउन नेपाल सरकारलाई सिफारिस गरी पठाउने भनिएकामा' कुनै पनि प्रक्रिया पूरा नगरी तत्कालिन सरकारका पदाधिकारीहरूलाई पक्राउ गर्नु कानुनी राज्यको बर्खिलाप र राजनीतिकरूपमा पूर्वाग्रह प्रेरित रहेको खड्काको तर्क छ ।

'आयोगको कार्यादेशबमोजिम भाद्र २३ र २४ गते दुवै दिनको घटनाको छानबिन गर्नु पर्नेमा भाद्र २४ गतेको घटनाबाट भएको मानवीय क्षति, सरकारी संरचनाको क्षति, राजनीतिक दलका कार्यालयहरू र व्यापारिक प्रतिष्ठान तथा निजी सम्पत्ति माथि भएको नोक्सानी र संलग्न व्यक्तिहरूबारे बिल्कुल मौन रहनुबाट पनि यो प्रतिवेदन पक्षपातपूर्ण भएको प्रष्ट छ ।'- उनले भनेका छन् ।

### रुपन्देही...

'यस सम्मेलनमा पशुपन्छी क्षेत्रका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विज्ञहरूको सहभागितामा प्राविधिक क्षेत्रमा गर्नुपर्ने सुधार, नीतिगत सुदृढीकरण तथा नयाँ सरकारलाई आवश्यक नीतिगत सुझाब प्रदान गर्ने विषयमा व्यापक छलफल हुने व्यवस्था गरिएको छ', डा.काफ्लेले भने- 'अर्थतन्त्र र रोजगारीको प्रमुख आधारको रूपमा रहेको पशुपन्छी क्षेत्रमा विद्यमान समस्या, चुनौती तथा सुधारका उपायहरूबारे विस्तृत बहस समेत गरिनेछ ।'

विद्यार्थीहरूको क्षमता विकासलाई प्रोत्साहन गर्न 'स्टुडेन्ट पोस्टर प्रतियोगिता' आयोजना गरिएको छ, जसमा उत्कृष्ट विद्यार्थीहरूलाई पुरस्कार तथा प्रमाणपत्र प्रदान गरिने व्यवस्था गरिएको छ । साथै, पशु स्वास्थ्य क्षेत्रमा २५ वर्षभन्दा बढी योगदान पुऱ्याएका अनुभवी पशु चिकित्सकहरूलाई विशेष सम्मान तथा राष्ट्रियस्तरका विभिन्न पुरस्कारहरू प्रदान गरिने कार्यक्रम रहेको एनभीएका महासचिव एवं सम्मेलनका प्रेस संयोजक डा.शंकर न्यौपानेले बताए ।

'सम्मेलनमा पशुपन्छी क्षेत्रसँग सम्बन्धित विभिन्न सरोकारवाला निकायहरू, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय व्यवसायिक तथा प्रविधि प्रदायक संस्थाहरूको सक्रिय सहभागिता रहनेछ । सम्मेलन परिसरमा विविध प्रदर्शनी स्टलहरू राखिने व्यवस्था गरिएको छ, जहाँ पशु स्वास्थ्य, औषधि, खोप, आहार तथा आधुनिक प्रविधिहरू सम्बन्धी नवीनतम जानकारी सहभागीहरूलाई प्रदान गरिनेछ ।'-महासचिव डा.न्यौपानेले भने ।

सम्मेलनलाई नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तह र सम्बन्धित निकायहरूका साथै खाद्य र कृषि संगठन (एफएओ), अमेरिकी भटमास निर्यात परिषद्, नेपाल भेटेरिनरी काउन्सिल, हेफर इन्टरनेशनल, कान्तिपुर भेट ग्रुप, त्रिभुवन विश्वविद्यालयअन्तर्गतको कृषि तथा पशु विज्ञान अध्ययन संस्थान, कृषि तथा वन विज्ञान विश्वविद्याल, हिकास्ट कलेज काठमाडौं तथा एनपीआई कलेज चितवन लगायतका संस्थाहरूको आर्थिक तथा प्राविधिक सहयोग गरेका छन् ।

आयोजकका अनुसार यस क्षेत्रसँग सम्बन्धित अन्य व्यवसायिक संघ-संस्था, गैरसरकारी संस्था तथा निजी क्षेत्रको समेत सहयोग रहनेछ । हालसम्म २५० जना सहभागीहरूले प्रारम्भिक नाम दर्ता गरिसकेका छन् भने करिब ५ सय जना पशु चिकित्सकहरूको उपस्थिति रहने अनुमान गरिएको डा.न्यौपानेले बताए । सम्मेलनले नेपालमा पशु स्वास्थ्य, अनुसन्धान तथा नवीन प्रविधिको विकासमा महत्वपूर्ण योगदान पुऱ्याउने अपेक्षा गरिएको आयोजकको भनाइ छ । साथै एक स्वास्थ्य अवधारणालाई व्यवहारमा उतार्दै पशुपालन र खाद्य सुरक्षामा सकारात्मक प्रभाव पार्ने तथा राष्ट्रिय एवं अन्तर्राष्ट्रिय सहकार्य विस्तार गर्दै भविष्यका लागि सशक्त मार्गनिर्देशन प्रदान गर्ने विश्वास लिइएको छ । ५५ वर्षअघि स्थापना भएको यो संस्थामा दुई हजार ५ सय बढी भेटेरिनरी चिकित्सकहरु आबद्ध छन् ।

# ढोरपाटनमा दोस्रो यामको सिकार सुरु



बागलुङ । नेपालको एक मात्र सिकार आरक्ष ढोरपाटनमा अहिले दोस्रो यामको सिकार सुरु भएको छ । ढोरपाटन सिकार आरक्षमा दोस्रो याममा १४ नाउर र १० झारलको सिकार अनुमति दिइएको हो ।

दोस्रो सिकार यामका रूपमा मानिएको फागुनदेखि बैशाखसम्म सिकार खेल्न केही सिकारी ढोरपाटनमा व्यस्त छन् भने केही विदेशी सिकारी नेपाल आउने तयारीमा रहेका ढोरपाटन सिकार आरक्षका रेञ्जर सागर सुवेदीले जानकारी दिए । उनका अनुसार यस वर्षको दोस्रो याममा १३ बनेलकोसमेत सिकार गर्न अनुमति दिइएको छ ।

ढोरपाटन आरक्षले विभिन्न सिकार ब्लकमा वन्यजन्तु विभागको अनुमतिमा सिकार गर्न दिइएकामा अहिले ग्लोबल सफारी प्रालिमार्फत् आएका अमेरिकी नागरिकले एक नाउर र एक झारल सिकार खेलेर फर्किएका जनाउँदै रेञ्जर सुवेदीले हिमालयन सफारी नेपालमार्फत् आएका अमेरिकन र डेनिस नागरिक ढोरपाटन क्षेत्रमा सिकार खेल्न व्यस्त रहेका बताए ।

"विदेशी सिकारीले नाउर र झारलको सिकारका लागि प्रतिस्पर्धाका आधारमा राजस्व बुझाएर अनुमति लिन्छन् । दोस्रो यामको सिकार चलिरहेकाले आरक्षका कर्मचारी र नेपाली सेना सिकार ब्लकमा सिकारीसँग आवश्यक सामग्री व्यवस्थापनमा व्यस्त छन् ।"-रेञ्जर सुवेदीले भने । उनका अनुसार दोस्रो याममा हिमालयन वाइल्डलाइफ आउट फिटरमार्फत् डेनिस नागरिकले एक नाउर, एक झारल र एक बनेल सिकार खेल्न अनुमति पाएका छन् ।

यस्तै ओपन नेपाल वाइल्डलाइफ सफारी एण्ड ट्रेक प्रालिमार्फत् अमेरिका, बेल्जियम र फ्रान्सका नागरिकले सुनदह र सेङ ब्लकमा तीन नाउर, दुई झारल र एक बनेल सिकारको अनुमति पाएका छन् । नेपाल ट्राभल एक्पेडिसन प्रालिमार्फत घुस्तुङ ब्लकमा तीन नाउर, तीन झारल र तीन बनेल सिकार खेल्न रसियन, अफ्रिकन र फ्रान्सका नागरिकले सिकार खेल्ने अनुमति पाएसँगै तयारीसहित नेपाल आउन लागेका रेञ्जर सुवेदीले जानकारी दिए ।

त्यस्तै ग्लोबल सफारिज प्रालिमार्फत् सुनदह र दोगाडी ब्लकमा अमेरिका, डेनिस नागरिकले चार नाउर, दुई झारल र चार बनेलको सिकार गर्न अनुमति पाएका छन् भने हिमालयन सफारिज नेपाल प्रालिमार्फत् अमेरिकी नागरिकले दुई नाउर, एक झारल र दुई बनेल सिकारको अनुमति पाएकामा एक नाउर र एक झारलको सिकार भइसकेको छ ।

ट्रेक एण्ड देलर्स प्रालिमार्फत् स्पेनी नागरिकले एक झारल, एक नाउर र एक बनेल सिकारको अनुमति पाएका सुवेदीले उल्लेख गरे । उनका अनुसार चालु आर्थिक वर्षको पहिलो सिकारयाममा रु तीन करोड तीन लाख राजस्व सङ्कलन भएकामा दोस्रो सिकारयामका लागि सिकारी आउनेक्रम जारी रहेकाले राजस्व सङ्कलनको काम भइरहेको छ ।

रेञ्जर सुवेदीले भने-"१४ नाउर, १० झारल र १३ बनेलको सिकार खेल्न विभागले अनुमति दिएकामा अहिलेसम्म एक नाउर र एक झारलको सिकार भइसकेको छ । अन्य केही सिकारी सिकार खेल्न व्यस्त छन् भने केही सिकारी नेपाल आउने क्रममा छन् ।"

पहिलो सिकार याममा एउटै नाउरबाट रु १९ लाख र झारलबाट १८ लाखसम्म राजस्व सङ्कलन भएको जनाउँदै उनले दोस्रो यामका लागि कम मूल्यमा सिकार अनुमति दिइए पनि सिकारी आउनेक्रम जारी रहेकाले सिकारयाम सकिएपछि मात्रै राजस्व सङ्कलनको वास्तविक विवरण आउने बताए ।

सिकारी बन्दोबस्तीका सामग्रीसहित गत फागुन दोस्रो सातादेखि नेपाल आउन थालेका छन् । विदेशी सिकारी हेलिकप्टरमार्फत् सोझै सिकार ब्लकमा पुग्ने गरेका छन् । सिकार खेल्ने क्रममा नेपाली सहयोगीसहित आरक्षका कर्मचारी पनि विदेशी सिकारीसँग खटिने गरेका रेञ्जर सुवेदीले बताए । उनका अनुसार विभागले हरेक वर्ष नाउर र झारलको सिकारका लागि कोटा निर्धारण गरी अनुमति दिने गर्दछ ।

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका अनुसार वर्षको पहिलो सिकारयाम असोज-मङ्सिर र दोस्रो सिकारयाम फागुन-बैशाख गरी दुई चरणमा सिकार हुँदै आएको छ । "विदेशी सिकारीसहितको समूहले १५ दिनभित्र तोकिएको ब्लकमा सिकार खेलिसक्नुपर्ने हुन्छ । जङ्गलमा बास बस्ने सिकारीले आरक्ष प्रवेश गरेपछि निर्धारित समयमा मात्रै सिकार खेल्न पाउँछन् । साहसिक यात्रा र रोमाञ्चक सिकार अनुभवका लागि ढोरपाटन विदेशीको आकर्षक गन्तव्य बन्दै आएको छ ।"-उनले भने ।

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले हरेक सिकारयाममा विद्युतीय बोलपत्र आह्वान गरेर सिकारको कोटा र राजस्व दर निर्धारण गर्दछ । नाउर र झारलको मूल्य, ब्लकको अग्रिम भुक्तानी, अनुपति (लाइसेन्स), हेलिकप्टरलगायत बन्दोबस्तीको सामग्री तयार गर्दा एक जना सिकारीको करिब रु ३० देखि रु ३५ लाखसम्म खर्च हुने गरेको रेञ्जर सुवेदीले जानकारी दिए ।

विदेशी तथा आर्थिक अवस्था सबल भएकाको रोजाइमा मात्रै पर्दै आएको सिकार खेल्ने अवसर नेपालीले भने पाएका छैनन् । सिकार आरक्षको सुरक्षा विसं २०७३ देखि नेपाली सेनाले गर्दै आएको छ । विंस २०४४ मा स्थापना भएको सिकार आरक्ष पूर्वी रुकुम, बागलुङ र म्याग्दी जिल्लामा फैलिएको छ भने यसको मुख्य कार्यालय बागलुङको ढोरपाटन उपत्यकामा पर्दछ ।

# बागलुङमा संरक्षित छ भक्तपुरको हनुमान नाच



गलकोट (बागलुङ) । भूपतीन्द्र मल्लले भक्तपुरमा सुरु गरेको 'हनुमान नाच' बागलुङका नेवार समुदायमा अझै जीवितै छ । हनुमानको भेषमा सजिएका नेवारी युवाहरु हातमा लाठी समातेर विभिन्न १० सुर तथा तालमा नाचिरहेको दृश्यले धेरैलाई लोभ्याउँछ । यो दृश्यले भदौ यता निरन्तरता पाएको छ । हनुमानको अवतारमा एक हुल नेवारी समुदायका युवाहरु एक आपसमा लाठी ठोकेर पुच्छर घुमाउदै नाँच्दा बागलुङ बजार गुन्जयमान हुन्छ । तीन सय वर्षभन्दा बढी पुरानो हनुमान नाच नेवारी समुदायको जीवन्त इतिहासको रूपमा बागलुङमा देख्न पाइन्छ ।

विसं २०७३ भदौमा देखाइएको हनुमान नाच नौ वर्षपछि पुन देखाउन थालिएको हो । चैते दसैँको अवसरमा कालिका मन्दिर परिसरमा देखाइएको हनुमान नाच धेरैको आकर्षणमा परेको थियो । विसं २०८२ भदौबाट सुरु गरिएको हनुमान नाच अहिलेसम्म नौ पटक मञ्चन भइसकेको हनुमान नाच संरक्षण समिति बागलुङका प्रधानकजी ईश्वर मलेपतीले बताए ।

"माता सीतालाई हरण गरिएको अवस्थाबाट उम्काएर ल्याउनका लागि गरिएको विधि, नाच, श्लोक प्रकृयालाई हनुमान नाचमा देखाइन्छ, भक्तपुरमा लोप हुन थालेको नाच बागलुङमा हामीले जीवितै राखेका छौँ", मलेपतीले भने-"व्यापारको शिलशिलामा भक्तपुरबाट आएका नेवार समुदायले यो संस्कृति आफूसँगै ल्याएका थिए ।"

हनुमान नाच किनाराटोल, राधाकृष्ण टोल, धौलागिरी चोक, आवारोड, गलकोट हुँदै कालिका मन्दिर सम्म देखाइएको छ । यस हनुमान नाचको विषयमा शोधपत्र तयार पार्ने बागलङे चेली जमुना राजभण्डारीले सीतालाई रावणले हरण गरेपछि सीतालाई हनुमानले फर्काउने शिलशिलालाई हनुमान नाचको ताल र सुरमा देखाइने बताउँछन् ।

तीन वर्ष, पाँच वर्ष, सात वर्षमा नाचिने हनुमान नाच यसपटक कोरोना महामारीलगायतका कारणले केही समय रोकिएको थियो । भक्तपुरका नेवार समुदाय विसं १७६८ मा व्यापार तथा व्यवसाय गर्नका लागि बागलुङ आएका थिए । यो नाचमा कम्तीमा १३ र बढीमा १५ जोडी युवाहरु हनुमानको भेषमा सजिन्छन् । पुस्तान्तरण नहुँदा हनुमान नाच संरक्षणमा चुनौती बढेको भन्दै यसवर्ष नेवार समुदायका युवा पुस्तालाई हनुमानको रूपमा अगाडी सारिएको हनुमान नाच संरक्षण परिषद् बागलुङका अध्यक्ष तीर्थप्रसाद श्रेष्ठ बताउँछन् ।

बागलुङ नगरपालिका ३ नारायणचोकको भिमसेन मन्दिरभित्र नास्योध्योलाई पूजा गरेर हनुमान पौवामा गएर हुनमानको पूजा गरेपछि विधिवत रूपमा हनुमान नाच शुभारम्भ हुने र टोल पूजा सकिएपछि विधिवत रूपमा हनुमान नाच अन्त्य गरिने परम्परा छ । उक्त नाच निकै खर्चिलो र नाच्नका लागि लामो समय लाग्ने भएकाले वर्षौंपिच्छे देखाउन कठिन भएको नेवारी अगुवा बताउँछन् । हिन्दु धर्ममा अष्टचिरञ्जीवीका रूपमा हनुमानलाई पूजा गर्ने र उनैको नाच प्रदर्शन गर्दा जीवनभर शक्ति प्राप्त हुने विश्वास छ । बाजाको तालमा एक अर्काले लट्ठी ठोकेर पुच्छर हल्लाउँदै हनुमानको भेषमा हिंड्नु पर्दछ । हनुमान नाचमा विभिन्न प्रकारका ताल छोपेर नाच्नुपर्छ ।

**ट्वाइलेट सफा गराउनुहोस्**

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्क:
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

**ट्वाइलेट सफा गराउनुहोस्**

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्र: लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

**ट्वाइलेट सफा गराउनुहोस्**

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् ।
लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्क:
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोन: ९८५७०५८८१३,९८०७१८०८१३




**बालबालिकालाई स्वर्णविन्दु प्राशन खुवाउन लामबद्ध सर्वसाधारणः**
घोराहीमा रहेको विकल्प आयुर्वेद क्लिनिकमा शनिबार बालबालिकालाई स्वर्णविन्दु प्राशन खुवाउन लामबद्ध भएका सर्वसाधारण । तस्विरः रञ्जिता अधिकारी/रासस

# ‘बुटवल जान नसकेकी तुल्सीलाई गुल्मीमै नयाँ जीवन’



गुल्मी । आर्थिक अभावले उपचारको बाटो रोकिएको एक ज्यानले आफ्नै जिल्लामा नयाँ जीवन पाएको छ ।

रेसुङ्गा नगरपालिका-८ की ७१ वर्षीया तुल्सी विश्वकर्मालाई स्तन क्यान्सर देखिएपछि उनलाई थप उपचारका लागि बुटवल पठाउने सल्लाह दिइएको थियो । तर कमजोर आर्थिक अवस्थाले त्यो सम्भव भएन । जीवन र उपचारबिचको दूरी बढ्दै गइरहेको बेला गुल्मी अस्पतालमै आशाको ढोका खुल्यो ।

विशेषज्ञ सेवा अभाव झेलिरहेको गुल्मी अस्पतालले बाह्य विशेषज्ञ टोलीको सहयोगमा पहिलो पटक स्तन क्यान्सरको जटिल शल्यक्रिया सफलतापूर्वक सम्पन्न गऱ्यो । क्यान्सर रोग विशेषज्ञ डा. सन्जय पाण्डेको नेतृत्वमा आएको चिकित्सक टोलीले तुल्सीको सफल शल्यक्रिया गरेपछि उनको स्वास्थ्यमा सुधार देखिएको छ ।

“बाहिर जानसक्ने अवस्था थिएन, यहीँ निःशुल्क उपचार पाएँ, ज्यान नै बाँचेजस्तो लाग्यो ।”- शल्यक्रियापछि भावुक हुँदै तुल्सीले भनिन् ।

अस्पतालका जनस्वास्थ्य निरीक्षक बोम अर्यालका अनुसार सीमित स्रोतसाधन र साँघुरा संरचनाका बाबजुद पनि यस्तो जटिल सेवा दिन सफल हुनु अस्पतालका लागि ठूलो उपलब्धि हो । अस्पतालले मासिक रूपमा लुम्बिनी प्रादेशिक अस्पतालबाट विशेषज्ञ चिकित्सक बोलाउने अभ्यासले ग्रामीण क्षेत्रमा स्वास्थ्य सेवाको पहुँच विस्तार हुँदै गएको उनले बताए ।

शल्यक्रियामा संलग्न डा. सञ्जय पाण्डेले भने-“स्रोतसाधन सीमित भए पनि इच्छाशक्ति बलियो भए जटिल उपचार पनि सम्भव हुन्छ । समयमै पहिचान र उपचार भयो भने क्यान्सरजस्तो रोगबाट पनि ज्यान बचाउन सकिन्छ ।”

गुल्मी अस्पतालमा अहिले हाडजोर्नी, बालरोग र मृगौला बिरामीका लागि हेमोडायलाइसिस सेवा सञ्चालनमा छन् । नयाँ भवन निर्माण अन्तिम चरणमा पुगेसँगै अस्पतालले अझ प्रभावकारी सेवा दिने अपेक्षा गरिएको छ ।

अस्पताल विकास समितिका अध्यक्ष गोपालप्रसाद पाण्डेले ग्रामीण क्षेत्रमै विशेषज्ञ सेवा विस्तार गर्ने लक्ष्यसहित काम भइरहेको बताए । “संरचना पूर्ण नहुँदै पनि हामीले परिणाम दिन खोजेका छौं, अब जटिल रोगको उपचार पनि जिल्लामै सम्भव छ ।”- उनले भने ।

सफल शल्यक्रियामा संलग्न चिकित्सक टोली र बिरामी तुल्सी विश्वकर्मालाई अस्पतालले सम्मान समेत गरेको छ । गुल्मी अस्पतालमा गरिएको यो शल्यक्रियाले एउटा स्पष्ट सन्देश दिएको छ, सुविधा सीमित भए पनि संकल्प बलियो भए जीवन बचाउन सकिन्छ ।

# रामग्रामले २९ वर्षपछि मनायो स्थापना दिवस




**गौरीशंकर जयसवाल**
*परासी*

रामग्राम नगरपालिकाले आफ्नो नगर स्थापना दिवस भव्य रूपमा मनाएको छ । शनिबार रामग्राम नगरपालिकामा २९ वर्षपछि भव्य समारोहको आयोजना गरी आफ्नो स्थापना दिवस मनाएको हो । रामग्राम नगरपालिका स्थापना भएको दिन पारी नगर स्थापना दिवस मनाइएको रामग्राम नगरपालिका नगरप्रमुख धनपत यादवले जानकारी दिए ।

रामग्राम नगरपालिका २०५३ साल चैत १४ स्थापना भएको थियो । नगरप्रमुख धनपत यादव पर्यटक भिर्त्याउन खालको योजना ल्याएको बताए । उनले पर्यटकको बसाई लम्बाउनका निम्ति रामग्राम वडा नं. १४ होम स्टे निर्माणको काम भैरहेको बताए । यादवले रामग्राम स्तूप र बुद्धको मावली रहेको पण्डित पुरलाई जोड्ने बुद्ध परिपथ निर्माण काम अगाडि बढाइएको जनाए । पिस पार्क बनाउने कार्य योजना अघि सारिएको र रामग्रामको बजार क्षेत्रमा व्यवस्थित पार्किङ् परासी बजारमा बनाउने र एचे र नसिर्ड कक्षा सञ्चालन गर्ने योजना सारिएको नगरप्रमुख यादवको भनाइ थियो ।

लुम्बिनी प्रदेशका वन तथा वातावरण मन्त्री देवकरण कलवारले स्थानीय वनलाई व्यवस्थापन गर्ने हो भने आर्थिक सुधार आउने बताए । उनले जनतालाई स्तर उठाउने खालको योजना ल्याउन लागेको बताए । उनले रामग्राम विकासका लागि लुम्बिनी प्रदेश सरकार साथ रहने बताए ।

पूर्वगृहराज्यमन्त्री देवेन्द्रराज काँण्डेलले जुन हिसाबले नगरपालिका विकसित हुँदै गएको भन्दै नगर अझै विकास र प्रगति समुउन्नत प्रशंसा गरे ।

नेपाली काँग्रेस कार्यवाहक सभापति विक्रम यादवले तुलनात्मक रूपमा विकास भएको र सीमित स्रोत साधनको बाउजुद पनि विकासको फड्को मारेको बताए । स्वास्थ्य कृषि शिक्षामा धेरै विकास गरेको उनले जनाए ।

जिल्ला समन्वय समिति प्रमुख भगौतीप्रसाद यादव रूदलले २९ वर्षपश्चात् पहिलोपटक स्थापना दिवस मनाएको भन्दै प्रसाह गरेका थिए । उनले सबैको सहजीकारण र सहकार्यबाट नगरको विकास हुने बताए । उनले नगरको विकासमा सबैको समन्वय सहकार्यबाट नगरपालिकाको विकासको लक्ष्यमा पुग्ने बताए ।

लुम्बिनी प्रदेशका सांसद बैजनाथ कलवारले विकासमात्र नभई जिल्लाको विकास भएको बताए । संविधानसभा सदस्य तथा लुम्बिनी प्रदेशका पूर्वमन्त्री बैजनाथ चौधरीले चार गाविस मिलि बनेको नगरपालिकाले गरेको विकास मननीय रहेको बताए ।

रामग्राम नगरपालिका संस्थापका मेयर गोबिन्द्र चौधरीले चैत १४ राजपत्र प्रकाशित गरेपछि आत्मानिर्भर नभई सरकार नहुने, पहिला आत्मानिर्भर बनाइमात्र स्थानीय सरकार बलियो हुने तर्क गरे ।

पूर्व कानुन मन्त्री धुब्रबहादुर प्रधानले जब त्रिवेणी धाम र मदरबाबा गण्डकी प्रदेश गाभिएपछि नवलपरासीलाई चिनाउने रामग्राम स्तुपले चिनाउने काम गरेको बताए । उनले स्थानीय सरकारलाई बलियो बनाउनेमा सधैँ साथ सहयोग रहने बताए । प्रतिनिधिसभा सदस्य रिगडला यादवले नवलपरासीको हरेक समस्य र महिला हरेक समस्या विषयमा आवाज उठाउने बताइन् । उनले नवलपरासीको विकासमा हातोमालो गर्ने जनाइन ।

कार्यक्रममा लुम्बिनी प्रदेश सांसद बैजानथ कलवार, पूर्वरक्षाराज्यमन्त्री राबच्चन यादव, लुम्बिनी प्रदेशका पूर्व मन्त्री बैजनाथ चौधरीलगायत शुभकामना व्यक्त गरेका थिए ।

# जन्मदिनमा खाद्यान्न र स्टेशनरी सामग्री सहयोग



बुटवल । अष्ट्रेलियामा रहेकी अर्घाखाँचीकी गीता पन्थीले आफ्नो जन्मदिनको अवसरमा विपन्न रेबत चिदी, संगम चिदीको परिवारलाई खाद्यान्न र स्टेशनरी सामान सहयोग गरेकी छन् ।

अर्घाखाँचीमा रहेको नानेज फाउण्डेसनमार्फत् विभिन्न संघ संस्थामा सहयोग गर्दै आएकी पन्थीले बीपी कलर हाउसका सञ्चालक विशाल पन्थीमार्फत् सामग्री वितरण गरेकी हुन् ।

यसका साथै उनले अर्घाखाँची मालारानी गाउँपालिका बाँगीमा रहेको शान्ति माविमा प्रत्येक वर्ष बीस जना विद्यार्थीलाई पुस्तकालय सामग्री उपलब्ध गराउँदै आएकी छिन् ।

उनले अर्घाखाँचीको सदरमुकाम सन्धिखर्कमा अटिजम भएका बालबालिकालाई पढाउने विद्यालयका एक जना शिक्षकलाई दुई वर्षदेखि तलब वितरण गर्नुका साथै पाठ्यपुस्तक पनि निःशुल्क वितरण गर्दै आएकी छिन् । अष्ट्रेलियामा रहेका श्रीमान नारायण पन्थीको सहयोगमा नेनाज फउण्डेसन सञ्चालनमा रहेको उनले बताइन् ।

कार्यक्रम लायन्स क्लब कलस्टर प्रमुख बाबुराम खनालको प्रमुख आथित्य, बर्जर पेन्ट बुटवलका प्रमुख गणेश अधिकारीको विशिस्ट आथित्यमा सम्पन्न भएको थियो । कार्यक्रममा लायन्स क्लब शान्तिदीपका सदस्य, विष्णु कुँवर र राजु कार्की, मोहन बिक र टोलका बासिन्दाको उपस्तिथि रहेको थियो ।

# गोलपार्क र खुकुरी प्रथम बटौली कपको फाइनलमा

भैरहवा, । प्रथम बटौली कप-२०८२ टी-२० क्रिकेट प्रतियोगितामा बुटवल गोलपार्क क्रिकेट क्लब र लुम्बिनी खुकुरी क्रिकेट क्लब उपाधिका लागि भिड्ने भएका छन् ।

शनिबार भएको सेमिफाइनलमा गोलपार्कले एमएसएमटी क्रिकेट एकेडेमी नौतनवालाई ३१ रन र खुकुरीले न्यू होराइजन क्रिकेट क्लबलाई ५ विकेटले हराउँदै फाइनल यात्रा पक्का गरेका हुन् । अब यी दुई टीमबिच आइतबार उपाधिका लागि प्रतिस्पर्धा हुनेछ ।

पृथ्वीनारायण शाह स्पोर्टस् प्रतिष्ठानको आयोजना, रुपन्देही क्रिकेट संघको व्यवस्थापन र बुटवल उप-महानगरपालिकाको सहयोगमा भैरहवास्थित सिद्धार्थ क्रिकेट मैदानमा भएको पहिलो सेमिफाइनलमा टस हारेर ब्याटिङको निम्तो पाएको बुटवल गोलपार्कले ७ विकेट गुमाएर १ सय २४ रन बनायो ।

उसका लागि हरजित सिंहले अविजित ५० र ऋषभ बेल्बासेले १२ रन बनाए । बलिङमा एमएमएमटीका प्रद्युमन निषादले ३, रितिककुमार, अंकु यादव, राज यादव र आर्यनचन्द अग्रहरिले समान १-१ विकेट लिए ।

जवाफी ब्याटिङ गरेको एमएसएमटीले ९ विकेट गुमाएर ९३ रन मात्रै बनायो र हार व्यहोर्यो । उसका लागि अर्मन खानले २९, प्रिन्सले २१ र कमरन खानले १७ रन बनाए ।

बलिङमा बुटवल गोलपार्कका सुदीप अर्याल र कलम अलीले समान २-२ तथा ईश्वर क्षेत्री, सुप्रिम कंडेल र सुमित थापाले १-१ विकेट लिए । खेलमा हरजित सिंह प्लेयर अफ द म्याच भई एक हजार रुपैयाँ प्राप्त गरे ।

यस्तै, दोस्रो सेमिफाइनलमा टस जितेर ब्याटिङ गरेको होराइजनले १९ ओभर ४ बलमा अलआउट हुँदै १ सय ६ रन बनायो । उसका लागि प्रिन्स पालले २४, तुलाराम थापाले २३, महेश भरले १९ र अमर मिश्राले १७ रन बनाए ।

बलिङमा खुकुरीका जितेन्द्र केवटले ४, पिन्टु साहनी, बैतुल्लाह खान र रोशन गौतमले २-२ विकेट लिए ।

जवाफी ब्याटिङ गरेकको लुम्बिनी खुकुरीले १९ ओभर १ बलमा ५ विकेट गुमाएर १ सय ७ रन बनाउँदै जित निकाल्यो ।

उसको जितमा जितेन्द्र केवटले अविजित २१, निश्चल चौधरीले १९, सुमनराज पाण्डेले १६ तथा समिर अली मुसलमान र रोशन गौतमले समान १५-१५ रन बनाए । बलिङमा न्यू होराइजनका तुलाराम थापाले २ र आइसन अधिकारीले १ विकेट लिए । खेलमा जितेन्द्र केवट प्लेयर अफ द म्याच भई एक हजार रुपैयाँ प्राप्त गरे ।

प्रतियोगिताको विजेता टिमले नगद ५० हजार र ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछ । यस्तै, उपविजेताले नगद २५ हजारसहित मेडल, म्यान अफ द सिरिजले ट्रफी र १० हजार, बेष्ट बलर र ब्याटरले ट्रफी र जनही ५ हजार तथा प्रत्येक खेलको म्यान अफ द म्याचले एक हजार रुपैयाँ प्राप्त गर्नेछन् ।

# भाडा समायोजन गर्न ट्रक व्यवसायीको माग

भैरहवा । पेट्रोलियम पदार्थको निरन्तर मूल्यवृद्धिले यातायात क्षेत्र गम्भीर संकटमा परेको भन्दै व्यवसायीहरूले चिन्ता व्यक्त गरेका छन् । शनिबार आयोजित लुम्बिनी ट्रक यातायात व्यवसायी संघको १४औँ वार्षिक साधारणसभामा बोल्ने वक्ताहरूले बढ्दो इन्धन मूल्यका कारण व्यवसाय सञ्चालन गर्न कठिन बन्दै गएको बताएका हुन् । उनीहरूले वर्तमान परिस्थितिमा राज्यले तत्काल ध्यान नदिए यातायात सेवा नै प्रभावित हुने चेतावनी दिएका छन् ।

कार्यक्रममा नेपाल ट्रक यातायात व्यवसायी संघका अध्यक्ष राजेन्द्र विक्रम बानियाँले नीति निर्माण तहमा रहेका व्यक्तिहरूले यातायात व्यवसायीका वास्तविक समस्या नबुझेको आरोप लगाए । उनले इन्धन मूल्यसँगै मर्मत, बीमा, करलगायतका खर्चसमेत बढ्दै गएको उल्लेख गर्दै यसले व्यवसाय धान्नै कठिन बनाएको बताए ।

“हामीले दिनदिनै घाटा सहेर सवारी चलाउनुपरेको अवस्था छ,” उनले भने-“सरकारले समयमै भाडा समायोजन नगर्दा व्यवसायी थप समस्यामा परेका छन् ।”

उनले ट्राफिक प्रहरीको तथ्यांक उद्धृत गर्दै नेपालमा दैनिक करिब सात जनाको सडक दुर्घटनामा मृत्यु हुने गरेको जानकारी दिए । यस्तो अवस्थामा दुर्घटना हुँदा सवारीधनीले ठूलो आर्थिक भार व्यहोर्नुपर्ने बाध्यता रहेको उनको भनाइ थियो ।

“दुर्घटना हुँदा बिमा प्रक्रियादेखि क्षतिपूर्ति दिनेसम्म सबै जिम्मेवारी व्यवसायीकै काँधमा आउँछ,” उनले थपे-“यसले आर्थिक रूपमा हामीलाई झन् कमजोर बनाएको छ ।”

उनले यही कारणले सरकारले तत्काल भाडा वृद्धि गर्नुपर्ने माग अघि सारिएको स्पष्ट पारे ।

त्यसैगरी, लुम्बिनी ट्रक यातायात व्यवसायी संघका अध्यक्ष रुमाखर गौतमले मुलुकमा भइरहेका राजनीतिक तथा नीतिगत परिवर्तनहरूले पनि यातायात क्षेत्र प्रभावित भइरहेको बताए ।

“नीति अस्थिर हुँदा दीर्घकालीन योजना बनाउन सकिएको छैन,” उनले भने-“हरेक परिवर्तनसँगै व्यवसायीलाई नयाँ चुनौती सामना गर्नुपरेको छ ।”

गौतमले भारतीय नम्बर प्लेटका सवारीसाधन नेपालमा सञ्चालन भइरहँदा स्वदेशी व्यवसायी मारमा परेको गुनासो गरे ।

“विदेशी नम्बर प्लेटका गाडीले यहाँ सेवा दिँदा नेपाली मुद्रा भारततर्फ जाने गरेको छ,” उनले भने-“यसले स्वदेशी लगानी र व्यवसायलाई कमजोर बनाइरहेको छ ।” उनले सरकारलाई यस्तो अवस्थाको नियन्त्रण गर्न आग्रह गर्दै स्वदेशी व्यवसायी संरक्षणका लागि स्पष्ट नीति ल्याउनुपर्ने बताए ।

कार्यक्रममा संघका संस्थापक अध्यक्ष विष्णुप्रसाद खरेलले नयाँ सरकारले यातायात क्षेत्रका समस्या समाधानमा चासो दिने विश्वास व्यक्त गरे ।

“सरकारले व्यवसायीका समस्या बुझेर समाधानमुखी नीति ल्याउने अपेक्षा गरेका छौं,” उनले भने-“यातायात क्षेत्र देशको अर्थतन्त्रसँग प्रत्यक्ष जोडिएको क्षेत्र भएकाले यसलाई उपेक्षा गर्न मिल्दैन ।” उनले निजी क्षेत्र र सरकारबीच समन्वयको आवश्यकता औँल्याउँदै संवादमार्फत् समस्याको दीर्घकालीन समाधान खोज्नुपर्ने जनाए ।

“संवाद र सहकार्य बिना कुनै पनि क्षेत्र अगाडि बढ्न सक्दैन,” खरेलले भने-“यातायात क्षेत्रको दिगो विकासका लागि साझा प्रयास आवश्यक छ ।”

कार्यक्रममा नेपाल पत्रकार महासंघ रूपन्देहीका उपाध्यक्ष विश्वास ढकाल, सिद्धार्थ उद्योग वाणिज्य सङ्घका वरिष्ठ उपाध्यक्ष दिलिप कान्दु, उद्योग वाणिज्य सङ्घका केन्द्रीय सदस्य महेन्द्रकुमार श्रेष्ठ तथा सिद्धार्थ सञ्जालका अध्यक्ष अनिल ज्ञवालीलगायतले पनि मन्तव्य व्यक्त गरेका थिए । वक्ताहरूले यातायात क्षेत्रलाई अर्थतन्त्रको मेरुदण्डका रूपमा व्याख्या गर्दै यसको सुदृढीकरणका लागि राज्यले प्राथमिकता दिनुपर्नेमा जोड दिएका थिए ।

उनीहरूले इन्धन मूल्य नियन्त्रण, कर प्रणाली सुधार, र यातायात व्यवसायीमैत्री नीति निर्माण आवश्यक रहेको उल्लेख गरे ।

“यातायात क्षेत्र बलियो भए मात्र अन्य क्षेत्र पनि सहज रूपमा सञ्चालन हुन्छन्,” वक्ताहरूले धारणा राखे-“त्यसैले राज्यले यस क्षेत्रलाई प्राथमिकतामा राख्नुपर्छ ।”

साधारणसभाको अवसरमा संघले उत्कृष्ट कर्मचारी, सवारीधनी तथा संस्थालाई सहयोग गर्ने पत्रकारहरूलाई सम्मानसमेत गरेको थियो । सम्मान कार्यक्रममार्फत् यातायात क्षेत्रको विकासमा योगदान पुऱ्याउने व्यक्तिहरूको कदर गरिएको संघले जनाएको छ ।

कार्यक्रमले इन्धन मूल्यवृद्धिका कारण उत्पन्न समस्यालाई उजागर गर्नुका साथै समाधानका लागि राज्यको ध्यानाकर्षण गराएको सहभागीहरूले बताएका छन् । व्यवसायीहरूले अब पनि सरकारले चासो नदिए आन्दोलनसम्म जान बाध्य हुने संकेत गरेका छन् ।

समग्रमा, इन्धन मूल्यवृद्धि, नीतिगत अस्थिरता र बाह्य प्रतिस्पर्धाका कारण यातायात व्यवसाय संकटमा परेको निष्कर्ष कार्यक्रमले निकालेको छ । यसबाट पार पाउन सरकार र निजी क्षेत्रबीच सहकार्य, समयमै नीति सुधार तथा व्यवसायीका माग सम्बोधन अपरिहार्य देखिएको छ ।

# दुई हजारभन्दा बढी एलपी ग्यासका बुलेट भित्रिए



बुटवल । वीरगञ्ज भन्सार कार्यालय हुँदै करिब डेढ महिनाको अवधिमा दुई हजार १३६ वटा एलपी ग्यासका बुलेट भित्रिएका छन् । पछिल्लो समय मध्यपूर्वका देशमा देखिएको सङ्कटसँगै नेपालसहित अन्य मुलुकमा एलपी ग्यासको अभाव देखिएको छ ।

यसैबिच, वीरगञ्ज नाका हुँदै फागुनमा मात्रै एक हजार ५६० वटा एलपी ग्यासका बुलेट भित्रिएका भन्सार कार्यालयले जनाएको छ ।

कार्यालय मातहत पर्ने एकीकृत भन्सार जाँचचौकीको व्यवस्थापन गर्दै आएका टिआरएस हिमायन लजी पार्कका ‘अपरेसन हेड’ गणेश घिमिरेले गत फागुनदेखि चैत १३ गतेसम्मको अवधिमा दुई हजार १३६ वटा एलपी ग्यासका बुलेट वीरगञ्ज नाका हुँदै भित्रिएका जानकारी दिए ।

“गत माघमा एक हजार ४०३ वटा एलपी ग्यासका बुलेट भित्रिएका थिए”, उनले भने-“चैतको १३ गतेसम्म पनि ५७६ वटा बुलेट भित्रिएका छन् ।” वीरगञ्ज भन्सार कार्यालयका अनुसार चालु आवको सात महिनामा यो नाका हुँदै रु २० अर्ब ८५ करोड मूल्य पर्ने २० करोड २८ लाख २० हजार ९३२ किलो एलपी ग्यास आयात भएको छ ।

गत आवको सात महिनाको अवधिमा रु २४ अर्ब छ करोड मूल्य पर्ने २१ करोड ४२ हजार ७८१ किलो एलपी ग्यास आयात भएको थियो ।

**आकर्षक डिजाइन तथा छपाई**
**सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !**
**आइडिया डिजाइनर्स/अफसेट प्रेस**
**सम्पर्क:**
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः-०७१-५५०२९३ मो. ९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com